# श्री सिद्धि गणेश

## बचत तथा ऋण सहकारी संस्था लि.

गोरखा नगरपालिका-६, हरमटारी, गोरखा

# बाह्रौं बार्षिक साधारण सभा

## प्रतिवेदन २०७९, भाद्र ४

# अध्यक्षको मन्तव्य

– श्री शरद बाबु कट्टेल

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. हरमटारी गोरखाको बाह्रौं बार्षिक साधारण सभाका प्रमुख अतिथि गोरखा नगरपालिका गोरखाका नगर प्रमुख श्री कृष्ण बहादुर राना मगर ज्यू, अतिथि नेफस्कुन फिल्ड व्यवस्थापन उपसमिति सदस्य श्री रामबाबु श्रेष्ठ ज्यू, जिल्ला सहकारी संघ गोरखाका अध्यक्ष श्री बाबुराम कोईराला ज्यू, संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार श्री अच्युतलाल श्रेष्ठ ज्यू, लेखा सुपरीवेक्षण समितिका संयोजक श्री कृष्ण कुमार श्रेष्ठ ज्यू, संस्थाका पदाधिकारी एवं संचालकज्यूहरु, लेखा सुपरीवेक्षण समितिका सदस्यज्यूहरु, उपसमितिका सदस्यज्यूहरु, संस्थाका सम्पूर्ण सेयर सदस्यज्यूहरुमा संस्थाका बाह्रौ साधारण सभामा हार्दिक स्वागत गर्दछु ।

आदरणिय प्रमुख अथिति ज्यू,
हामी चुनौतीलाई अवसरमा बदल्दै छौं, हाम्रो सोंच, सृजना र नव सृजनाको माध्यमबाट सदस्यहरुका सन्तुष्टिका आयाममा काम गरि राखेका छौं । हामीले सैद्धान्तिक पक्षको गतिशिलता, नैतिक पक्षको नेतृत्व, उच्च प्राविधिक पक्षको सामर्थ्यलाई संस्थाको आदर्श बनाएका छौं । वित्तिय सहकारी संस्था सबल त्यतिबेला हुन्छ, जतिवेला संस्थाले वित्तिय सक्षमता र वित्तिय शुसासन कायम गर्न सफल हुन्छ । वित्तिय शुसासनको अभावमा संस्था असफल सावित हुन्छ तसर्थ हामी संस्थाका संचालक, कर्मचारी एवं सम्पूर्ण सेयर सदस्यलाई वित्तिय शुसासन कायम गराउन दत्तचित्त छौं ।

हाम्रो अनुभवमा सहकारीको प्रभावकारी संचालन र व्यवस्थपनका लागि राज्य पक्षबाट र सहकारी अभियान पक्षबाट हुने नियमन, अनुगमन र मार्गदर्शन नहुनाले सहकारीहरुमा कमजोरी देखा पर्न थालेको महशुस भएको छ । सहकारी क्षेत्रमा संघीयताको कार्यान्वयनमा राज्य र अभियान पक्षको एउटै मत र एउटै सोंच हुन नसक्दा सहकारी संचालनमा समस्या देखिएको छ । संघ, प्रदेश र पालिकामा सहकारी ऐनमा एकरुपता नहुँदा र संस्थाले हालसम्म अंगिकार गरेका विधि र नगरपालिकाको ऐन पनि बाझिएको हुँदा केही जटिलता देखा परेका छन् । यसमा नगरपालिकाले सहकारी ऐनमा पुनर्विचार गरी सहकारी संचालनमा सहजता प्रदान गरिदिनु पर्ने आवश्यकता देखिएको छ ।

आदरणिय प्रमुख अतिथि ज्यू,
सरकारले सहकारी संस्थाहरुको एकिकरण मार्फत संस्था न्यूनीकरण तथा सेवा विविधिकरण एवं बढोत्तरीको सोंच अगाडि बढाएको अवस्थामा हाम्रो संस्था पनि मिल्दोजुल्दो सहकारी संस्थासंग एकिकरण गरी दिगो तथा गुणस्तरीय सेवाको पक्षमा रहेको सम्मानित सभामा जानकारी गराउँदछु । विगत दुई बर्षदेखि विश्वव्यापी महामारी कोभिड–१९ को कारण विश्व अर्थतन्त्रमा परेको नकारात्मक प्रभावबाट हाम्रो संस्था पनि अछुतो रहन सकेन । संस्थाको बचत संकलनमा र लगानीमा भएको कर्जाको किस्ता तथा व्याज असुलीमा केही समस्याहरु देखा परेका छन् यसलाई संस्थाले समयमा नै उचित निर्णय गरी अघी बढ्ने छ ।

हालसम्म संस्थाको शेयर सदस्य जम्मा १३१६ रहेको छ । साथै गत बर्षमा बचत रु.१६,९३,७६,६३८।– मा यस आ.व. मा संस्थाले रु.८५,०५,९७,१३५।– बचत संकलन र रु.८५,६०,५४,५०४।– बचत फिर्ता गरी रु.१६,३९,१९,२६९।– बचत कायम रहेको छ भने लगानीतर्फ गत आ.व. को लगानी रु.१४,७७,८४,५९५।– मा चालु आ.व. मा रु.२३,१८,७९,९६०।– लगानी थप गरी रु.२२,७६,६३,४४६।– असुली गरी हाल रु.१५,२०,०१,११०।– लगानी रहेको अवस्था छ । हाल संस्थाको शेयर पूँजी रु.३,७८,७२,९००।– र जगेडा कोष रु.५२,२०,२५०।– रहेको छ । यस बर्ष संस्थाले रु.४८,५६,४५६।– नाफा कमाउन सफल भएको छ साथै यस बर्ष संस्थाले रु.२,४२,८२३।– आयकरको व्यवस्था गरेको छ ।

अन्त्यमा, संस्थाको बाह्रौं बार्षिक साधारण सभामा उपस्थित प्रमुख अतिथि, अतिथिहरु एवं संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद । जय सहकारी ।

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

बाह्रौं बार्षिक साधारण सभामा सचिव काजीराम श्रेष्ठबाट प्रस्तुत

## प्रगति प्रतिवेदन

***२०७९ भाद्र ४ गते***

आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, संस्थापक अध्यक्षज्यू, अतिथिज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारीहरु एवं सदस्यज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै आ.व. २०७८/०७९ को बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु । अध्यक्षज्यू, सल्लाहकार, संचालक, कर्मचारी मित्रहरु, विभिन्न उपसमितिहरुसंग भएको अनुभव र उर्जालाई संस्थागत विकासमा खर्चिदै बाह्रौं साधारण सभासम्म आईपुग्दा जिल्लाको उत्कृष्ट सहकारीहरुको उचाई संग हाम्रो संस्थालाई उभ्याउन सफल भएको कुरा यो सम्मानित हल समक्ष गौरवका साथ राख्न चाहन्छु । विश्वभर फैलिएको कोभिड–१९ को महामारीको कारण अर्थतन्त्रमा उत्पन्न जटिलताले आर्थिक कारोबार गर्ने क्षेत्रमध्ये एक हाम्रो संस्था पनि बचत तथा ऋण असुलीमा केही समय अफ्ट्यारोमा नपरेको भने होईन तथापि संस्थाको चनाखोपन, कर्मचारीहरुको मेहनत, सेयरसदस्य महानुभावहरुको सल्लाह र सुझावले उत्पन्न जटिलतालाई चिर्दै अगाडि बढ्यौं । आगामी दिनमा अवस्था सामान्य रहेको खण्डमा संस्थाले आफ्नो गति लिईसकेको र भविष्य उज्वल रहेको जानकारी गराउँदै संस्थाको आफ्नै नाममा घरजग्गा लिने निरन्तर प्रयास बमोजिम हामीले यो बर्ष घरजग्गा जोड्न सफल भएका छौं । यसलाई संस्थाको दिगो विकासको लागी एउटा महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौं । हालसम्म संस्थाले आर्जन गरेको प्रगतिको समिक्षा र चुनौतिहरुको सामना गर्दै संस्थालाई अरु उचाईमा पुऱ्याउन सम्पूर्ण सेयर सदस्यज्यूहरुको निरन्तर सल्लाह, सुझाव र सद्भाव रहनेछ भन्ने मैले पुर्ण विश्वास लिएको छु । बाह्रौं साधारण सभाको यो घडीमा संस्थाको तर्फबाट सचिवको हैसियतले सम्पूर्ण सेयर सदस्य महानुभावहरुलाई धन्यवाद एवं उच्च सम्मान व्यक्त गर्दै आ.व. २०७८।७९ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दैछु ।

## संस्थाको संक्षिप्त इतिहास

आदरणिय सेयर सदस्यज्यूहरु,

गोरखा नगरपालिका भित्र कार्यक्षेत्र रहने गरी २७ जना सेयर सदस्यहरु मिली एकातिर आर्थिक, सामाजिक र साँस्कृतिक विकास गर्ने, अर्कोतिर एकआपसमा सहयोग आदानप्रदान र भाईचाराको सम्बन्ध स्थापना गर्दै संस्थागत रुपमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. गोरखा नामाकरण गरी गोरखा जिल्लाको सहकारी इतिहासमा एउटा उदाहरणीय र नमुना सहकारीको रुपमा आफुलाई चिनाउने लक्ष्यका साथ २०६७ पौष १७ गते सहकारीको स्थापना गराउनको लागी छलफल शुरु गरी २०६७ माघ १ गते सम्पन्न प्रथम प्रारम्भिक भेलाले श्री अच्युतलाल श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति गठन गरी २०६७ माघ २६ गते डिभिजन सहकारी कार्यालय दमौलीमा विधिवत् दर्ता गराई २०६८ बैशाख २३ गते शुक्रबारदेखि गोनपा–३, हरमटारीमा संस्थाको काउन्टर स्थापना गरी कारोबार शुरु गरिएको हो ।

## संस्थाको उद्देश्य

राज्यले तय गरेको सहकारीको मुल्य, मान्यता र सिद्धान्तको आधारमा हाम्रो समाजमा उपलब्ध श्रोत र साधनलाई एकिकृत र परिचालन गरि संस्थामा आबद्ध सदस्यहरुबाटै निर्मित विधि विधान, निति नियम अनुसार हामीबाटै परिचालन र नियन्त्रण गरी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नति गर्ने आबद्ध सेयर सदस्यहरुको साझा उद्येश्य हो । अर्थात निम्न तथा मध्यम आय भएका व्यक्ति तथा व्यवसायीहरु सहकारीताको माध्यमबाट एउटै समूहमा संगठीत भई छरिएर रहेको पुँजीलाई एकत्रित गर्दै आवश्यकता अनुसार बचत गरी ऋण प्रवाह गर्ने र सेवाबाट आर्जित मुनाफालाई सहकारी ऐन र नियमानुसार दामासाहीले वितरण गर्ने मुख्य उद्येश्य रहेको छ ।

संस्थाको उद्येश्य अनुरुप संस्थाको नेतृत्व गर्न यस संस्थामा संचालक समिति, लेखा सुपरीवेक्षण समिति र विभिन्न उपसमितिहरुमा निम्नानुसारको पदाधिकारी एवं सदस्यज्यूहरु रहनु भएको छ ।

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | शरद बाबु कट्टेल | अध्यक्ष |
| २ | श्रवण कुमार जोशी | उपाध्यक्ष |
| ३ | काजीराम श्रेष्ठ | सचिब |
| ४ | विशाल राना मगर | कोषाध्यक्ष |
| ५ | ज्ञानहरी अर्याल | सदस्य/संयोजक ऋण उप समिति |
| ६ | भोला प्रसाद मरहट्टा | सदस्य/संयोजक धितो मुल्यांकन उप समिति |
| ७ | बसन्त बस्नेत | सदस्य/संयोजक शिक्षा उप समिति |
| ८ | गोकर्ण बहादुर राना मगर | सदस्य |
| ९ | नारायण खत्री | सदस्य |
| १० | कृष्ण कुमार श्रेष्ठ | लेखा संयोजक |
| ११ | मनकाजी श्रेष्ठ | लेखा सदस्य |
| १२ | जगन सिं गुरुङ्ग | लेखा सदस्य |
| १३ | अच्युतलाल श्रेष्ठ | सल्लाहकार तथा संस्थापक अध्यक्ष |
| १४ | डण्डपाणि कट्टेल | ऋण उप समिति सदस्य |
| १५ | कृष्णमान श्रेष्ठ | ऋण उप समिति सदस्य |
| १६ | शिवध्वज खत्री | धितो मुल्यांकन उप समिति सदस्य |
| १७ | रामहरी के.सी. | धितो मुल्यांकन उप समिति सदस्य |
| १८ | प्रमिला अधिकारी | शिक्षा उप समिति सदस्य |
| १९ | शान्ति अर्याल | शिक्षा उप समिति सदस्य |

आदरणीय प्रमुख अतिथि एवं शेयर सदस्यज्यूहरु,

२०७८ कात्तिक १३ गते सम्पन्न संस्थाको एघरौं साधारणसभामा प्रस्तुत गरिएको भावि कार्यनिति तथा कार्यक्रम बमोजिम संस्थाले गरेको आ.व. २०७८/७९ को प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) आ.व. २०७८।७९ मा संचालक समितिको जम्मा १७ वटा बैठक सम्पन्न गरिएको छ ।

२) संस्थामा हालसम्म महिला सेयर सदस्य ६२७ र पुरुष सेयर सदस्य ६८९ गरी १३१६ जना सेयर सदस्य रहनु भएको छ ।

३) संस्थामा आबद्ध कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप प्रत्येक दुई बर्षमा तलब बृद्धि गर्ने निति अनुरुप २०७८ श्रावणदेखि लागु हुनेगरी रु.२,०००।- का दरले तलब बृद्धि गरिएको छ ।

४) हाल सम्म संस्थाबाट लगानी भएको सम्पूर्ण शिर्षकका ऋणहरुमा लाग्ने व्याजको अधिकतम सिमा १४.७५% कायम गरी व्यवस्थापन शुल्क बापत ०.५%, निवेदन शुल्क रु.१००।- निर्धारण गरिएको छ ।

५) संस्थागत कारोबारलाई प्रोत्साहन स्वरुप नेफस्कुनमा बिषेश खाता खोली कारोबार शुरु गरिएको छ ।

६) संचालकको २०७८ असोज १ गतेको बैठकको निर्णय अनुसार कोभिडको कारण संस्थाको एघारौं साधारण सभा असोज १९ देखि २१ गतेसम्म जुम प्रविधिको प्रयोग गर्ने गरी निर्णय भएको तर पछि सहकारी विभागबाट सम्पूर्ण सहकारी संस्थाहरुको साधारण सभा तथा अधिवेसन भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भन्ने निर्देशन जारी भएकोले २०७८ असोज १३ गते संस्थाको आकस्मिक बैठक बसी भौतिक रुपमा साधारण सभा गर्न समय अपुग ठानी २०७८ कात्तिक १३ गते संस्थाको एघारौं बार्षिक साधारण सभा गर्ने निर्णय गरी दोश्रो पटक मिति तय गरियो ।

७) संस्थाको एघारौं बार्षिक साधारण सभा २०७८ कात्तिक १३ गते संस्थापक अध्यक्ष श्री अच्युतलाल श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा होटल गोरखा प्यालेसमा विभिन्न कार्यक्रम सहित भव्यताका साथ सम्पन्न गरियो ।

८) संस्थामा तरलताको अभावका कारण २०७८ मंसिर १ गतेदेखि लागु हुने गरी मुद्धति बचतमा सामान्य बृद्धि गरि १०.५ प्रतिशत कायम गरियो ।

९) संस्थाको एघारौं साधारण सभाको जनादेश अनुसार संस्थाबाट प्रस्तावित नितिहरु संगठन तथा सामान्य निति, आर्थिक निति र बचत तथा ऋण नितिहरु प्रमाणिकरण गरियो ।

१०) संस्थामा हाल ६ जना कर्मचारीहरुद्धारा कार्य संचालन गर्दै आईरहेको कुरा जानकारी गराउँदछु ।

११) आफ्नै नाममा संस्थाको जग्गा तथा घर खरीद गर्ने संस्थाको उद्येश्य अनुरुप सो कार्यको लागी उपाध्यक्ष श्री श्रवण कुमार जोशीको संयोजकत्वमा सचिव काजीराम श्रेष्ठ र ऋण उपसमिति सदस्य श्री डण्डपाणी कट्टेल सदस्य रहने गरी ३ सदस्यीय घरजग्गा खरीद उपसमिति गठन गरियो ।

१२) २०७८ असोज १० र ११ गते नेफस्कुन केन्द्रको आयोजनामा पोखरामा भएको साझा सेवाहरुको सवलीकरण तथा संजाल निर्माण अभियान कार्यक्रममा यस संस्थाका अध्यक्ष श्री शरद बाबु कट्टेल र प्रबन्धक श्री गणेश बाबु श्रेष्ठको सहभागिता रहेको थियो ।

१३) २०७८ मंसिर १६ को निर्णय बमोजिम हाल संस्था रहेको स्थानबाट करीब २०० मिटरको दुरीमा गोरखा नगरपालिका-६, हरमटारी स्थित लक्ष्मी श्रेष्ठको नाममा रहेको जग्गा खरीद गर्न खरिद उपसमितिको प्रस्ताव अनुसार १५ दिनभित्र रजिष्ट्रेसन पास गर्ने गरी बैनाबट्टा गरियो ।

१४) २०७८ मंसिर २६ गतेको निर्णय बमोजिम संस्थाको नाममा जग्गा रजिष्ट्रेसन गर्न गोनपा बाट सिफारिस लिई मालपोत कार्यालयमा पास गर्नको लागी संस्थाको सचिव काजीराम श्रेष्ठलाई प्रतिनिधि छनौट गरी जग्गा रजिष्ट्रेसन पास गर्ने कार्य सम्पन्न गरियो ।

१५) २०७९ पौष ७ गते नेफस्कुनका संचालक सदस्य तथा लमजुङ्ग फिल्ड कार्यालय व्यवस्थापनका संयोजक श्री कमलादेवी गिरी, नेफ्स्कुन फिल्ड व्यवस्थापन उपसमितिका सदस्य श्री रामबाबु श्रेष्ठ र नेफ्स्कुन लमजुङ्ग फिल्ड कार्यालयका प्रमुख श्री विनोद ढकालद्वारा संस्थाको कार्यालयमा भेटघाट एवं समसामयिक विषयमा छलफल सम्पन्न भयो ।

१६) संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्दै विगतदेखि संस्था स्थापनाकालको अवसरमा विभिन्न सामाजिक कार्यहरु गर्दै आईरहेका छौं । एघारौं स्थापनाको यो अवसरमा गोरक्षनाथ वैदिक गुरुकुल विद्यालयमा रु.२०,०००।- अक्षयकोषको व्यवस्था गरी २०७८ माघ २६ गते होटल हिमालयनमा एक समारोहका साथ संस्थाको एघारौं स्थापना दिवस सम्पन्न गरियो ।

१७) संस्थाको आर्थिक अवस्था र वित्तिय संस्थाहरुमा घट्दो तरलताको स्थितिलाई मध्येनजर गर्दै २०७८ फागुन ८ गतेदेखि लागु हुने गरी आवधिक बचतमा १२%, मासिक बचत बाहेक अन्य बचतको शिर्षकहरुमा २.२५% र लगानी शिर्षक अन्तर्गत व्यापारिक कर्जा र सामूहिक जमानी कर्जा शिर्षकमा २% र अन्य लगानीका सम्पूर्ण शिर्षकहरुमा २.२५% का दरले बृद्धि गरिएको जानकारी गराउँदछु ।

१८) कोभिडको कारण स्थगित रहेको अवलोकन भ्रमण कार्यक्रम यसपटक संस्थाको पुर्ण समितिलाई २०७८ फागुन १५ देखि २१ गते सम्म नेपालको पूर्वको विभिन्न जिल्ला हुँदै झापाको विर्तामोडस्थित चर्चित संस्था साहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको अवलोकन, भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त भ्रमणमा १४ जना संचालकहरुको सहभागिता रहेको थियो भने सम्पूर्ण सेयर सदस्यहरुलाई लक्षित गरी २०७८ चैत ४ देखि ६ गतेसम्म पोखरा, वेनी, बाग्लुङ हुँदै नेपालको चर्चित तिर्थस्थल मुस्ताङको मुक्तिनाथ मन्दिरसम्मको अध्ययन अवलोकन भ्रमण सम्पन्न गरियो । यस अवसरमा ५२ जना शेयर सदस्यहरुको सहभागिता रहेको थियो ।

१९) २०७८ चैत २० गते सहकारी दिवसको अवसरमा गोरखा नगरपालिकाद्वारा आयोजना गरिएको कार्यक्रममा उत्कृष्ट सहकारीको रुपमा हाम्रो संस्था श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थालाई रु.५०,०००।- बाट पुरस्कृत गरिएको जानकारी गराउँदछु । सो कार्यक्रममा संस्थाका अध्यक्ष शरद बाबु कट्टेलज्यू ले सहभागिता जनाउनु भएको थियो ।

२०) कार्यालय सहायक पदमा कार्यरत कर्मचारी श्री सलिज श्रेष्ठले व्यक्तिगत कारण देखाई दिनुभएको राजीनामा स्विकृत गरी उक्त पदमा पदपूर्ति गर्नको लागी निवेदन माग भए बमोजिम प्राप्त निवेदनहरुमध्येबाट अध्ययन गरी गोनपा-८ निवासी श्री कपिल कट्टेललाई २०७९ जेठ ८ गतेदेखि जेठ मसान्तसम्म परिक्षणकाल राखी असार १ गतेदेखि अस्थायी नियुक्ति दिई कर्मचारी पदपूर्ति गरिएको छ ।

२१) २०७९ जेठ २१ र २२ गते नेफस्कुन फिल्ड कार्यालय लमजुङ्गको आयोजनामा हिमचुली साकोस नयाँ बजारमा भएको २ दिने योजना तर्जुमा गोष्ठीमा संस्थाको तर्फबाट कोषाध्यक्ष विशाल राना मगर र प्रबन्धक गणेश बाबु श्रेष्ठको सहभागिता रहेको थियो ।

२२) २०७९ जेठ २९ र ३० गते नेफ्स्कुन केन्द्रले काठमाण्डौको होटल सोल्टी क्राउन प्लाजामा आयोजना गरेको २ दिने चौथो साकोस शिखर गोष्ठीमा संस्थाको तर्फबाट उपाध्यक्ष श्री श्रवण कुमार जोशी र संचालक सदस्य श्री नारायण खत्री ज्यूको सहभागिता रहेको थियो ।

२३) २०७९ असार १४ देखि १६ गते सम्म गोरखा नगरपालिकाद्वारा आयोजित गोरखा नगरपालिका भित्रका सहकारी संस्थाहरुको सिकाई आदान प्रदान तथा समिक्षा कार्यक्रममा यस संस्थाका अध्यक्ष श्री शरद बाबु कट्टेलज्यूको सहभागिता रहेको थियो ।

२४) संस्थाको निति, नियम र परिधी भित्र रही प्रक्रिया पुऱ्याई ऋण उपसमितिको सिफारिसमा लगानी भएका सम्पूर्ण ऋणहरुको अनुमोदन गरिएको छ ।

२५) यस आ.व.को मुनाफा मध्येबाट विनियममा व्यवस्था भए अनुसारको रकम विभिन्न कोषमा रकमान्तर गरिएको छ ।

२६) संस्थाको कुल शेयर पुँजी रु.३,७८,५५,९००।- बाट बृद्धि भई यो बर्ष रु.३,७८,७२,९००।- पुगेको छ भने सम्पूर्ण शिर्षकमा रु.१६,३९,१९,२६९।- बचत गरी त्यसमध्येबाट रु.१५,२०,०१,११०।- लगानी गरी यस बर्ष संस्थाले रु.२,४२,८२३।- कर कट्टी गरी रु.४८,५६,४५६।- खुद मुनाफा आर्जन गर्न सफल भएका छौं ।

२७) आर्थिक बर्ष २०७८/७९ मा संस्थाले आर्जन गरेको मुनाफा मध्येबाट वितरणयोग्य लाभांश वितरणको लागी यस साधारण सभामा प्रस्ताव पेश गरिएको छ ।

२८) यस बर्षको आम्दानीबाट कर्जा नोक्सानी कोषमा रु.१४,६०,६९८।- विनियोजन गरिएको छ । उक्त कोषमा हाल रु.२८,३७,६९८।- रहने गरी कर्जा नोक्सानी कोषको व्यवस्था गरिएको छ ।

आदरणीय सेयर सदस्यज्यूहरु,

संस्थाको आर्थिक मेरुदण्ड भनेको सेयर सदस्यहरुको नियमित बचत नै हो र संस्थाले तय गरेको विभिन्न खालको बचत योजनाहरु सँगै अनिवार्य बचतको रुपमा मासिक बचतलाई निरन्तरता दिदै अन्य बचतहरुलाई पनि आफू र आफन्तहरुलाई समेत संस्थामा आबद्ध गराई आगामी दिनहरुमा कारोबार बृद्धि गर्न सहयोग हुनेछ भन्ने आशा राख्दै अब म आगामी आ.ब. को लागि संस्थाले तय गरेको भावी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**भावी कार्यक्रमहरु :-**

१) निक्षेप तथा लगानीलाई प्रमुख प्राथमिकता दिदै निक्षेपकर्ताहरुलाई प्रोत्साहन हुने खालको कार्यक्रमहरु ल्याइनुका साथै लगानीका विभिन्न शिर्षकहरुको पहिचान गरी लगानीको क्षेत्र विस्तार गरिनेछ ।

२) अध्ययन अवलोकन भ्रमणको व्यबस्था गरिने छ ।

३) विनियमको आधारमा विभिन्न कोषहरुमा मुनाफाको रकम बाँडफाँड गरी वितरणयोग्य मुनाफालाई लाभांशको रुपमा वितरण गरिने छ ।

४) संस्थाद्वारा पारित निति तथा कार्यविधिहरु समय अनुकुल संस्थागत हित हुने गरी परिमार्जन गर्दै लगिनेछ ।

५) संस्थामा केही शंकास्पद ऋणीहरु देखा पर्न गएकोले आगामी बर्षमा यसलाई शुन्यमा झार्नको लागी संस्थागत सुधारका उपायहरु खोजी गरी कार्यान्वयन गरिनेछ ।

६) समय अनुरुप राज्यको अर्थनितिमा आधारित रही व्याजदर परिवर्तन गरिदै लगिनेछ ।

७) शेयर सदस्य, संचालक समिति तथा उपसमितिहरु र कर्मचारीहरुलाई सहकारी शिक्षा एवं सीपमूलक तालिमको व्यबस्था गरिने छ ।

८) सेवा क्षेत्र विस्तार गरिने लक्ष्य लिएका छौं ।

९)सामाजिक उत्तरदायित्व अन्तर्गत गरिदै आएको कार्यक्रमलाई अझै विस्तार गरिनेछ ।

१०) एउटै प्रकृतिका र क्षेत्रका सहकारीहरुको एकीकरणको प्रकृया अगाडि बढाईनेछ ।

११) संस्थालाई आर्थिक रुपमा चुस्त, दुरुस्त र पारदर्शी बनाउन प्रविधिमा आधारित आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिनेछ ।

१२) शेयर सदस्यहरुको संख्या थप गर्दै लगीनेछ ।

१३) संस्थागत निक्षेप ल्याउनको लागी पहल गरिनेछ ।

१४) संस्थाले बार्षिक रुपमा संस्थाको योजना तयार गर्नको लागी योजना तर्जुमा गोष्ठीको आयोजना गर्नेछ ।

अन्त्यमा, मलाई सचिवको हैसियतले विश्वास गरि यो अवधि सम्म कार्य गर्ने अवसर दिनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई धन्यबाद ज्ञापन गर्दै विगतमा जस्तै यो आर्थिक बर्षमा पनि संस्थाको उद्देश्य हासिल गर्न खट्नु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, कोषाध्यक्षज्यू, सदस्यज्यूहरु, संस्थाका सल्लाहकारज्यू, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, यो प्रतिवेदनमा आवश्यक तथ्याङ्कहरु उपलब्ध गराएर सहयोग गर्नु हुने प्रबन्धक लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु । साधारण सभा निति निर्माण गर्ने निर्णायक थलो पनि हुने भएकोले सञ्चालक समितिद्वारा प्रस्तावित निति तथा कार्ययोजनाहरु उपर व्यापक छलफल र सुझाव सहित अनुमोदन गरिदिनु भई संचालक समितिलाई मार्गनिर्देश गरि दिनुहुनेछ भन्ने पुर्ण आशा ब्यक्त गर्दै प्रतिवेदन प्रस्तोता काजिराम श्रेष्ठ पुनः यहाँहरुको जिज्ञासा र छलफलमा भाग लिने प्रतिबद्धता ब्यक्त गर्दै बिदा हुन्छु । धन्यबाद । जय सहकारी ।

सचिव

काजिराम श्रेष्ठ

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## हरमटारी गोरखा ।

बाह्रौं बार्षिक साधारण सभामा कोषाध्यक्ष श्री विशाल राना मगरद्वारा प्रस्तुत संस्थाको

## आर्थिक प्रतिवेदन

मिति : २०७९ भाद्र ४ गते

आदरणीय अध्यक्ष ज्यू,

प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, सल्लाहकारज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, संस्थाका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु साथै उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको आजको यस बाह्रौं बार्षिक साधारण सभाको शुभ अवसरमा हार्दिक स्वागत गर्दै आर्थिक बर्ष २०७८/७९ मा संस्थाले हाँसिल गरेको आर्थिक गतिविधिहरु समावेश गरी २०७९ असार मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसुचीहरु साथै कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन छलफल तथा अनुमोदनको लागी यहाँहरु समक्ष पेश गर्दछु ।

### १. संस्थाको वित्तिय स्थिति

संस्थाको गतबर्ष संगको तुलनात्मक वित्तिय स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि (रकममा) | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|---|
| चुक्ता पुँजी | ३,७८,७२,९००.०० | ३,७८,५५,९००.०० | १७,०००.०० | ०.०४ |
| जगेडा कोष | ५२,२०,२५०.०० | ४०,६६,८४२.०१ | ११,५३,४०७.९९ | २८.३६ |
| स्थिर सम्पत्ति | ७०,४२,३१४.०० | ११,००,०३८.८३ | ५९,४२,२७५.१७ | ५४०.१९ |
| कुल निक्षेप | १६,३९,१९,२६९.०० | १६,९३,७६,६३८.१३ | (५४,५७,३६९.१३) | (३.२२) |
| कुल कर्जा लगानी | १५,२०,०१,११०.०० | १४,७७,८४,५९५.४५ | ४२,१६,५१४.५५ | २.८५ |
| बैंक तथा नगद | ५,२२,९१,३३८.०० | ६,८५,०८,०१८.७४ | (१,६२,१६,६८०.७४) | (२३.६७) |

### २. संचालन नतिजा

| विवरण | चालु आ.व. | गत आ.व. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (प्रतिशतमा) |
|---|---|---|---|---|
| व्याज आम्दानी | २,२०,२३,९७७ | १,९७,१८,५२९ | २३,०५,४४८ | ११.६९ |
| विप्रेषण आम्दानी | ९,१७,९०० | ९,४४,१५२ | (२६,२५२) | -२.७८ |
| अन्य आम्दानी | ७,७४,४६३.०० | १३,४२,६५८.०० | (५,६८,१९५) | -४२.३२ |
| व्याज खर्च | १,२३,५५,६११ | १,२२,५४,९५८ | १,००,६५३ | ०.८२ |
| संचालन खर्च | ४७,६२,४९१ | ४८,७७,०२४ | (१,१४,५३३) | -२.३५ |
| कर्जा नोक्सानी व्यवस्था | १४,६०,६९८ | १३,७७,००० | ८३,६९८ | ६.०८ |
| ह्रास खर्च | २,७८,५९३ | ३,४५,०२५ | (६६,४३२) | -१९.२५ |
| आयकर | २,४२,८२३ | २,२४,४८२ | १८,३४१ | ८.१७ |
| खुद मुनाफा | ४८,५६,४५६ | ४२,६३,१२७ | ५,९३,३२९ | १३.९२ |
| प्रति शेयर मुनाफा | १२.८२ | ११ | | १.५६ |

## ३. निक्षेप संकलन

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | मुद्दति बचत | ६,२८,५२,०७३ | ४,८०,२४,१७३ | १,४८,२७,९०० | ३०.८८ |
| २ | मासिक बचत | १,५१,९०,५४१ | १,०५,८१,१४३ | ४६,०९,३९८ | ४३.५६ |
| ३ | साधारण बचत | २,९४,८४,१६० | ४,८९,११,१९८ | (१,९४,२७,०३७) | (३९.७२) |
| ४ | दैनिक बचत | १,०१,८७,५४३ | ५४,९९,२३० | ४६,८८,३१३ | ८५.२५ |
| ५ | चल्ती खातामा बचत | ३३,७२,८२० | ६,१६,३९५ | २७,५६,४२६ | ४४७.१९ |
| ६ | बिशेष बचत | १,८७,८३,५९६ | १,८३,८४,०७३ | ३,९९,५२३ | २.१७ |
| ७ | नारी बचत | १,५४,५४,५९९ | २,५२,४२,६७२ | (९७,८८,०७२) | (३८.७८) |
| ८ | बाल बचत | ३६,७२,२१८ | ३४,८६,७४९ | १,८५,४६९ | ५.३२ |
| ९ | जेष्ठ नागरिक बचत | ३०,८५,५९२ | ६८,८५,४५८ | (३७,९९,८६६) | (५५.१९) |
| १० | कर्मचारी बचत | १८,१७,१४४ | १७,१६,३४२ | १,००,८०२ | ५.८७ |
| ११ | भु. पु. सैनिक बचत | १८,९८३ | २९,२०६ | (१०,२२३) | (३५.००) |
| जम्मा | | १६,३९,१९,२६९ | १६,९३,७६,६३८ | (५४,५७,३६९) | (३.२२) |

## ४. कर्जा लगानी

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | कृषी, पर्यटन तथा घरेलु उद्योग ऋण लगानी | ४६,००,०९७ | १८,०८,८५२ | २७,९१,२४५ | १५४.३१ |
| २ | घरयासी ऋण लगानी | | ७८,८६४ | (७८,८६४) | (१००.००) |
| ३ | हायर पर्चेज ऋण लगानी | २,३९,२६,७२१ | २,६०,५१,१३९ | (२१,२४,४१८) | (८.१५) |
| ४ | किस्ताबन्दी ऋण लगानी | २,८५,२३,४७९ | ३,५८,२५,८५९ | (७३,०२,३८०) | (२०.३८) |
| ५ | ब्यापारिक ऋण लगानी | ६३,८५,६७१ | ५३,२४,८८१ | १०,६०,७८९ | १९.९२ |
| ६ | मुद्दती बचतमा ऋण लगानी | २३,०९,३७० | ११,६०,००० | ११,४९,३७० | ९९.०८ |
| ७ | सामुहिक जमानी ऋण लगानी | ३,५८,००,०४९ | १,४१,६०,००० | २,१६,४०,०४९ | १५२.८३ |
| ८ | अल्पकालीन ऋण | ५,०४,५५,७२३ | ६,३३,७५,००० | (१,२९,१९,२७७) | (२०.३९) |
| जम्मा | | १५,२०,०१,११० | १४,७७,८४,५९५ | ४२,१६,५१४ | २.८५ |

आदरणीय शेयर सदस्यज्यूहरु,

अब म संस्थाको आ.व. २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन पेश गर्न चाहन्छु । साथै प्रतिवेदन उपर गहन छलफल गरी अनुमोदन गरीदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

अन्त्यमा शेयरधनीहरुले निरन्तर रुपमा हामी प्रति देखाउदै आउनु भएको आत्मियता, न्यानो माया र विश्वास प्रति आभार प्रकट गर्दै संस्थाका व्यवस्थापक लगायत कर्मचारी र लेखापरीक्षकलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामी शेयर सदस्य महानुभावहरुलाई उच्च स्तरीय सेवाको माध्यामबाट दीर्घकालीन र पारस्परिक सम्बन्ध र सहयोगको विस्तार गर्न प्रतिबद्ध रहेको कुरा विश्वास दिलाउँदै बिदा हुन चाहन्छु । धन्यवाद ।

जय सहकारी ।

कोषाध्यक्ष
विशाल राना मगर

B & Associates RA
Pokhara Municipality -13, Kaski, Nepal
PAN No. : 602309624
Ican Membership. No.: 6113
Certified No.: 3256 'B'

## स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन

श्री अध्यक्ष तथा शेयर सदस्य ज्युहरु
श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
गोरखा न.पा-०६, हरमटारी, गोरखा

हामीले त्यस श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेड, गोरखा न.पा-०६, हरमटारी, गोरखाको यसैसाथ संलग्न २०७९ आषाढ मशान्तको बित्तिय स्थितिको बिवरण (वासलात), नगद प्रवाह बिवरण र सो मितीमा समाप्त भएको आर्थिक बर्ष २०७८।०७९ को कार्य सञ्चालन बिवरण (सञ्चालन नतिजा), नगद प्रवाह बिवरण, इक्वीटीमा भएको परिवर्तन एवं प्रमुख लेखा नितिहरु तथा लेखा सम्बन्धी ब्याख्यात्मक टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौ ।

### ❖ हाम्रो राय

हामीले लेखा परिक्षण गरेका बित्तिय बिवरणहरुको आधारमा देहाय बमोजिम को प्रतिवेदन पेश गरेका छौ ।

१. हामीले लेखापरिक्षणको क्रममा आवश्यक ठानेका जानकारी तथा स्पष्टीकरण सन्तोषजनक रुपमा पायौं ।

२. यस प्रतिवेदनमा सम्बन्धित बित्तिय स्थिती बिवरण आय बिवरण तथा तत्सम्बन्धी अनुसुचीहरु सस्थाले राखेको हिसावसंग दुरुस्त रहेका छन ।

३. हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परिक्षण गरेका श्रेस्ताहरुबाट सञ्चालक समितीका कुनैपनी सदस्य वा सस्थाका कर्मचारीले कानुनी ब्यवस्था बिरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा हित बिपरित हुने कुनै काम गरेको पाएनौ ।

४. सस्थाको श्रेस्ता तथा हिसाव किताब प्रचलित कानुन एवं सहकारी ऐन नियमावली बमोजिम ठिकसंग राखिएको छ ।

५. हाम्रो रायमा सस्थाबाट प्राप्त बिवरणहरु लेखा परिक्ष्णका लागी पर्याप्त रहेका छन ।

६. हामीले लेखा परिक्षणको शिलशिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराहरुको जवाफ तथा स्पष्टिकरण सन्तोषजनक पायौं जुन हाम्रो ज्ञान र बिश्वासमा लेखा परिक्षणको लागी आबश्यक थियो ।

हाम्रो रायमा यस प्रतिवेदनसंग सम्बन्धित बित्तिय स्थितिको बिवरण (वासलात) सोही मितीमा समाप्त भएको आ.ब. २०७८/०७९ को सञ्चालन नतिजा इक्विटीमा भएको परिवर्तन र नगद प्रवाह बिवरण सहकारी ऐनले तोके बमोजिम तयार भएका छन ।

Mobile No. 9856064264
E-mail : b.auditor1033@gmail.com

हाम्रो रायमा लंगफर्म प्रतिवेदनमा लेखिएका बुंदाहरु तथा त्यसबाट बित्तिय बिवरणमा पर्ने असर बाहेक संलग्न बित्तिय बिवरणहरु लेखा संग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा २०७९ आषाढ ३२ को आर्थिक स्थिति तथा सोही मितीमा समाप्त भएको आ.व.२०७८/०७९ को सञ्चालन नतिजा तथा नगद प्रवाह बिवरणले सारभुत रुपमा यथार्थ एवं समुचित चित्रण गर्दछ ।

❖ रायका आधारहरु

लेखा परिक्षण नेपाल लेखापरिक्षणमानका आधारमा गरिएको छ । बित्तिय बिवरणहरु सारभुत रुपमा गलत आंकडा रहित छन भन्ने कुरामा बिश्वस्त हुनका लागी यी मान अनुसार लेखा परिक्षण योजना तयार गरी तदअनुसार लेखा परिक्षण सम्पन्न गर्नु पर्दछ । बित्तिय बिवरणमा उल्लेखित रकम र खुलाइएका अन्य बिवरणलाई पुष्टयाइ गर्ने प्रमाणको छडके परिक्षण समेत लेखा परिक्षणमा समावेस हुन्छ । सस्थाले अवलम्वन गरेका लेखा सिद्धान्त, व्यबस्थापनले गरेका महत्वपुर्ण लेखा अनुमान एवं बित्तिय बिवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन पनी लेखा परिक्षणमा समावेश हुन्छ । हाम्रो लेखापरिक्षणले हाम्रो रायलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौ । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले जारी गरेको **Code of Ethics Professional Accountants** तथा अन्य नैतिक आवश्यकता अनुरुप स्वतन्त्र रही लेखापरीक्षण सम्पन्न गरेका छौ ।

❖ व्यवस्थापनका उत्तरदायित्वहरु

बित्तिय बिवरणहरु नेपाल लेखामान बमोजिम तयार गरी प्रस्तुत गर्ने उत्तरदायीत्व व्यवस्थापनमा रहेको छ । यो उत्तरदायित्व अन्तर्गत जालसाजी वा त्रुटीहरुबाट हुन सक्ने सारभुत रुपमा त्रुटीरहित बित्तिय बिवरण तयार गर्ने तथा प्रस्तुत गर्ने आन्तरिक नियन्त्रण प्रणालीको बनावट, कार्यान्वयन र कायम गर्ने उचित लेखा नितिहरुको चयन गर्ने एवं कार्यान्वयन गर्ने तथा परिस्थिती अनुरुप उचित लेखा सम्बन्धी अनुमान गर्ने दायित्व पनी समावेश हुन्छ ।

❖ लेखा परिक्षकको उत्तरदायित्व,

प्रचलित कानुनको अधिनमा रही लेखाका सर्वमान्य सिद्धान्त अनुसार व्यवस्थापनले तयार गरेका बित्तिय बिवरणहरु माथी लेखा परिक्षणका आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गरेका छौ ।

B & Associates
Mob. No.6113
ICAN COP. No.3266 'B'
Regd. Auditor
Pokhara-13, Kaski

बिष्णु प्रसाद बराल
बि एण्ड एसोसियट्स
दर्तावाल लेखापरीक्षक

पोखरा १३, कास्की
२०७९ साउन १७

**UDIN No:-**

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा.-०६, हरमटारी, गोरखा**

**२०७९ असार मसान्तको वासलात**

| पुंजी तथा दायित्व | अनुसूची | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|---|
| शेयर पुंजी | १ | ३,७८,७२,९०० | ३,७८,५५,९०० |
| जगेडा कोष | २ | ५२,२०,२५० | ४०,६६,८४२ |
| वैधानिक तथा अन्य कोषहरु | ३ | ५७,४३,७०५ | ५५,२४,०१२ |
| बाह्य ऋण तथा सापटी | ४ | ( | ( |
| बचत तथा निक्षेप दायित्व | ५ | १६,३९,१९,२६९ | १६,९३,७६,६३८ |
| पुंजीगत अनुदान तथा विविध कोष | ६ | - | - |
| चालू दायित्व तथा व्यवस्था | ७ | ७,६४,९७६ | ११,६०,६२८ |
| कर्जा नोक्सानी व्यवस्था | ८ | २८,३७,६९८ | १३,७७,००० |
| अन्य दिर्घकालिन दायित्व | ९ | ६,२०,८८१ | ५,००,००० |
| आयकर दायित्व | | २,४२,८२३ | २,२४,४८२ |
| स्थगन कर दायित्व | १० | - | - |
| **जम्मा** | | २१,७२,२२,५०३ | २२,००,८५,५०२ |

| सम्पत्ति | अनुसूची | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|---|
| नगद मौज्दात | ११ | १०,९३,८५४ | ७,५४,५२२ |
| वैंक मौज्दात | १२ | ५,११,९७,४८४ | ६,७७,५३,४९७ |
| लगानी | १३ | १,१०,७०० | १,१०,७०० |
| कर्जा तथा सापट लगानी | १४ | १५,२०,०१,११० | १४,७७,८४,५९५ |
| चालु सम्पत्ति | १५ | ५७,७७,०४१ | २५,८२,१४९ |
| स्थिर सम्पत्ति | १६ | ७०,४२,३१४ | ११,००,०३९ |
| गैर बैकिंग सम्पती | १७ | - | - |
| अन्य दीर्घकालिन सम्पति | | - | - |
| स्थगन कर सम्पत्ति | १० | | - |
| **जम्मा** | | २१,७२,२२,५०३ | २२,००,८५,५०२ |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी  २५

अनुसूची १ - १७ र २५ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

B & Associates, Mem. No.6113, ICAN COP. No.3256 "B", Regd. Auditor, Pokhara-13, Kaski

| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक |
|---|---|---|---|---|

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा. ०६, हरमटारी, गोरखा**

**आर्थिक बर्ष २०७८/०७९ को**

**नाफा नोक्सान हिसाब**

| आम्दानी | अनुसूची | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | १८ | २,२०,२३,९७७ | १,९७,१८,५२९ |
| ब्याज खर्च | १९ | १,२३,५५,६११ | १,२६,१४,८११ |
| **वित्तीय कारोबारबाट खुद आम्दानी** | | ९६,६८,३६६ | ७१,०३,७१८ |
| अन्य संचालन आम्दानी | २० | १२,४४,४३७ | २२,८६,८१० |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | २१ | ४,४७,९२५ | ११,११,७९४ |
| **कुल संचालन आम्दानी** | | १,१३,६०,७२८ | १,०५,०२,३२२ |
| कर्मचारी खर्च | २२ | २२,६३,८६० | १६,७३,६१६ |
| प्रशासनिक खर्च | २३ | २५,०१,१२२ | २८,४३,५५४ |
| ह्रासकट्टी खर्च | १६ | २,७८,५९३ | ३,४५,०२५ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | | ६३,१७,१५४ | ५६,४०,१२७ |
| संभावित नोक्सानी व्यवस्था | ६ | १४,६०,६९८ | १३,७७,००० |
| **संचालन मुनाफा वा (नोक्सान)** | | ४८,५६,४५६ | ४२,६३,१२७ |
| गैर संचालन आम्दानी | २४ | ( | ( |
| संभावित नोक्सानी व्यवस्था फिर्ता | ८ | | ( |
| **नियमित कारोबारबाट भएको मुनाफा वा (नोक्सान)** | | ४८,५६,४५६ | ४२,६३,१२७ |
| असामान्य कारोबारबाट भएको आम्दानी (खर्च) | | - | |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | ४८,५६,४५६ | ४२,६३,१२७ |
| कर्मचारी बोनस | | ( | |
| **कर अघिको नाफा (नोक्सान)** | | ४८,५६,४५६ | ४२,६३,१२७ |
| आयकर खर्च | | २,४२,८२३ | २,२४,४८२ |
| यस वर्षको कर व्यवस्था | | २,४२,८२३ | २,२४,४८२ |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | |
| यस बर्सको स्थगन कर (आम्दानी) खर्च | १० | | |
| **खुद नाफा (नोक्सान)** | | ४६,१३,६३३ | ४०,३८,६४५ |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २५

अनुसूची १८ - २५ नाफा नोक्सान हिसाबको स्थितिको अभिन्न अंग रहने

B & Associates
Regd. Auditor
Pokhara-13, Kaski

| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक |
|---|---|---|---|---|

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

### २०७९ असार मसान्तमा समाप्त वर्षको
### नगद प्रवाह विवरण

| विवरण | यस वर्षको<br>रु. |
|---|---|
| **क. कारोबार संचालनबाट नगद प्रवाह** | |
| **१. नगद प्राप्ति** | २,३७,१६,३३९ |
| १.१ कर्जा लगानीबाट ब्याज आम्दानी | २,२०,२३,९७७ |
| १.२ थप ब्याज/हर्जना आम्दानी | |
| १.३ बैंकबाट ब्याज आम्दानी | ४,४७,९२५ |
| १.४ विविध आम्दानी | १२,४४,४३७ |
| १.५ अपलेखित कर्जाको असुली | |
| १.६ कोषमा रकमान्तरण गरीएको आय | |
| **२. नगद भूक्तानी** | १,८५,८१,२९० |
| २.१ निक्षेपमा ब्याज खर्च | १,२३,५५,६११ |
| २.२ सापटीमा ब्याज खर्च | - |
| २.३ कर्मचारी खर्च | २२,६३,८६० |
| २.४ कार्यालय संचालन खर्च | २५,०१,१२२ |
| २.५ र्कजा नोक्सानी व्यवस्था | १४,६०,६९८ |
| २.६ अन्य खर्च | |
| **सञ्चालन सम्बन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | (७४,११,४०७) |
| १। कर्जा लगानीमा कमी/(वृद्धि) | (४२,१६,५१५) |
| २. पाउनू पर्ने हिसाबमा (चालु सम्पती) कमी/(वृद्धि) | (३१,९४,८९२) |
| | |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा (कमी)/(वृद्धि)** | (६,२०,१३५) |
| १. चालु दायित्व हिसाबमा (कमी)/वृद्धि | (६,२०,१३५) |
| | |
| **ख. वित्तीय श्रोत कारोवारमा नगद प्रवाह** | (७०,९९,३२१) |
| १. शेयर पूँजीमा कमी/वृद्धि | १७,००० |
| २. कर्जा नोक्सानी कोष हिसावमा कमी/वृद्धि | १४,६०,६९८ |
| ३. बचत हिसावमा कमी/वृद्धि | (५४,५७,३६९) |
| ४. पुँजीगत अनुदान तथा विविध कोषमा कमी/वृछि | १,२०,८८१ |
| ४. बाह्य ऋण हिसावमा कमी/वृद्धि | |
| ४. कोष बाट भूक्तानी | (३२,४०,५३१) |
| | |
| **ग. लगानी कारोवारमा नगद प्रवाह** | (६२,२०,८६८) |
| १. शेयर तथा लगानीमा कमी/वृद्धि | - |
| २. सम्पत्ती सामानमा कमी/वृद्धि | (६२,२०,८६८) |
| ३. शेयर लगानी बापत प्राप्त आम्दानी | - |
| | |
| **३. यस वर्षको खुद नगद प्रवाह** | (१,६२,१६,६८१) |
| **ङ. शुरु नगद तथा बैक मौज्दात** | ६,८५,०८,०१९ |
| **च. अन्तिम नगद तथा बैंक मौज्दात** | ५,२२,९१,३३८ |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी २५

| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक |
|---|---|---|---|---|

B & Associates, Mob. No.6113, ICAN COP. No.3256 'B', Regd. Auditor, Pokhara-13, Kaski

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

२०७९ असार मसान्तिमा समाप्त वर्षको

नाफा नोक्सान बाँडफाँड खाता

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| यस वर्षको शुरुवातको मौज्दात | - | - |
| यस वर्षको खुद नाफा | ४६,१३,६३३ | ४०,३८,६४५ |
| **जम्मा** | ४६,१३,६३३ | ४०,३८,६४५ |
| **कोषमा बाँडफाँड** | | |
| जगेडा कोष | ११,५३,४०८ | १०,०९,६६१ |
| संरक्षित पूँजी फिर्ता कोष (२५%) | ८,६५,०५६ | ७,५७,२४६ |
| सहकारी प्रबर्द्न कोष (०.५%) | १७,३०१ | १५,१४५ |
| शेयर लाभांश कोष (५५%) | १४,१७,८२७ | १२,४१,१२६ |
| कर्मचारी बोनस कोष (१०%) | २,५७,७८७ | २,२५,६५९ |
| सहकारी शिक्षा कोष (५%) | १,२८,८९३ | १,१२,८३० |
| डुवन्ते ऋण कोष (५%) | १,२८,८९३ | १,१२,८३० |
| घाटा पूर्ति कोष (५%) | १,२८,८९३ | १,१२,८३० |
| सहकारी विकास कोष (५%) | १,२८,८९३ | १,१२,८३० |
| स्थिरिकरण कोष (५%) | १,२८,८९३ | १,१२,८३० |
| सामुदायिक विकास कोष (५%) | १,२८,८९३ | १,१२,८३० |
| अन्य जोखिम व्यवस्थापन कोष (५%) | १,२८,८९३ | १,१२,८३० |
| **जम्मा** | ४६,१३,६३३ | ४०,३८,६४५ |

व्यवस्थापक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    लेखापरिक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा. ०६, हरमटारी, गोरखा**

**इक्विटिमा भएको परिवर्तनको विवरण**

मिति २०७८ श्रावण १ देखि २०७९ असार मसान्तमा ३२ सम्मको

रकम (रु.)

| विवरण | गत बर्षको मौज्दात | यस बर्ष कोष बाट भएको भुक्तानी तथा खर्च | यस वर्षको व्यवस्था | अन्तिम मौज्दात |
|---|---|---|---|---|
| **शेयर पूँजी** | ३,७८,५५,९०० | | १७,०००।०० | ३,७८,७२,९०० |
| **सञ्चित नाफा नोक्सान विवरण** | | | | |
| साधारण जगेडा कोष | ४०,६६,८४२ | | ११,५३,४०८ | ५२,२०,२५० |
| संरक्षित पूँजी फिर्ता कोष | ११,६२,०९३ | १०,००,००० | ८,६५,०५६ | १०,२७,१४९ |
| सहकारी प्रबर्द्धन कोष | ४३,२४२ | | १७,३०१ | ६०,५४३ |
| शेयर लाभांश कोष | १२,४४,२११ | १२,४४,२११ | १४,१७,८२७ | १४,१७,८२७ |
| कर्मचारी बोनस | २,४१,६४४ | २,१२,०५९ | २,५७,७८७ | २,८७,३७२ |
| सहकारी शिक्षा कोष | ४,३३,४२३ | | १,२८,८९३ | ५,६२,३१६ |
| घाटा पूर्ति कोष | १,१२,८३० | | १,२८,८९३ | २,४१,७२३ |
| डुवन्ते ऋण कोष | ८,८६,६८९ | ७,८४,२६१ | १,२८,८९३ | २,३१,३२१ |
| सहकारी विकास कोष | ४,३३,४२३ | | १,२८,८९३ | ५,६२,३१६ |
| स्थिरिकरण कोष | ३,२२,१५२ | | १,२८,८९३ | ४,५१,०४५ |
| सामुदायिक विकास कोष | ३,२२,१५२ | | १,२८,८९३ | ४,५१,०४५ |
| अन्य जोखिम व्यवस्थापन कोष | ३,२२,१५२ | | १,२८,८९३ | ४,५१,०४५ |
| कर्मचारी उपदान दायित्व | ५,००,००० | | १,२०,८८१ | ६,२०,८८१ |
| कर्जा नोक्सानी कोष | १३,७७,००० | | १४,६०,६९८ | २८,३७,६९८ |
| **जम्मा** | १,१४,६७,८५३ | ३२,४०,५३१ | ६१,९५,२१२ | १,४४,२२,५३४ |

नोटः- कर्जा नोक्सानी कोषको व्यवस्था गर्ने निर्णय भए बमोजिम डुवन्ते ऋण कोषको रकम हस्तान्तरण गरिएको छ।

B & Associates, Mob. No.6113, ICAN COP. No.3256 "B", Regd. Auditor, Pokhara-13, Kaski

| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक |
|---|---|---|---|---|

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

**अनुसूची १ : शेयर पुंजी** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| शेयर रकम | ३,७८,७२,९०० | ३,७८,५५,९०० |
| **जम्मा** | ३,७८,७२,९०० | ३,७८,५५,९०० |

**अनुसूची २ : जगेडा कोष** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| गत बर्ष सम्मको जगेडा कोष | ४०,६६,८४२ | ३०,५७,१८१ |
| यस बर्ष थप | ११,५३,४०८ | १०,०९,६६१ |
| **जम्मा** | ५२,२०,२५० | ४०,६६,८४२ |

**अनुसूची ३ : वैधानिक तथा अन्य कोषहरु** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| संरक्षित पुंजी फिर्ता कोष | १०,२७,१४९ | ११,६२,०९३ |
| सहकारी प्रबर्द्दन कोष | ६०,५४३ | ४३,२४२ |
| शेयर लाभांश कोष | १४,१७,८२७ | १२,४४,२११ |
| कर्मचारी बोनस | २,८७,३७२ | २,४१,६४४ |
| सहकारी शिक्षा कोष | ५,६२,३१६ | ४,३३,४२३ |
| घाटा पूर्ति कोष | २,४१,७२३ | १,१२,८३० |
| डुवन्ते ऋण कोष | २,३१,३२१ | ८,८६,६८९ |
| सहकारी विकास कोष | ५,६२,३१६ | ४,३३,४२३ |
| स्थिरिकरण कोष | ४,५१,०४५ | ३,२२,१५२ |
| सामुदायिक विकास कोष | ४,५१,०४५ | ३,२२,१५२ |
| अन्य जोखिम व्यवस्थापन कोष | ४,५१,०४५ | ३,२२,१५२ |
| **जम्मा** | ५७,४३,७०५ | ५५,२४,०१२ |

**अनुसूची ४ : बाह्य ऋण तथा सापटी** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| नेपाल बचत तथा ऋण सहकारी लि.(नेफ्स्कुन) | | |
| **जम्मा** | ( | ( |

व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

### वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

अनुसूची ५ : बचत तथा निक्षेप दायित्व

रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| **ऐच्छिक बचत** | १४,८७,२८,७२८ | १५,८७,९५,४९६ |
| आवधिक बचत | ६,२८,५२,०७३ | ४,८०,२४,१७३ |
| बाल बचत | ३६,७२,२१८ | ३४,८६,७४९ |
| साधारण बचत | २,९४,८४,१६० | ४,८९,११,१९८ |
| दैनिक बचत | १,०१,८७,५४३ | ५४,९९,२३० |
| विषेश बचत | १,८७,८३,५९६ | १,८३,८४,०७३ |
| जेष्ठ नागरिक बचत | ३०,८५,५९२ | ६८,८५,४५८ |
| नारी बचत | १,५४,५४,५९९ | २,५२,४२,६७२ |
| कर्मचारी बचत | १८,१७,१४४ | १७,१६,३४२ |
| चल्ती खातामा बचत | ३३,७२,८२० | ६,१६,३९५ |
| भु.पु सैनिक बचत | १८,९८३ | २९,२०६ |
| **नियमित बचत** | १,५१,९०,५४१ | १,०५,८१,१४३ |
| सदस्य मासिक बचत | १,५१,९०,५४१ | १,०५,८१,१४३ |
| **जम्मा** | १६,३९,१९,२६९ | १६,९३,७६,६३८ |

अनुसूची ६ : पुंजीगत अनुदान तथा विविध कोष

रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| कर्मचारी कल्याणकारी कोष | | ( |
| **जम्मा** | ( | ( |

व्यवस्थापक कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

**अनुसूची ७: चालू दायित्व तथा व्यवस्था** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| धरौटी रकम | | |
| प्रभु मनि ट्रान्सफर | | ६१,९३४ |
| लेखा परिक्षण शुल्क (वाह्य) | ५१,००० | ५९,१०० |
| भुक्तानी दिन पर्ने ब्याज | ३२,८५८ | २,२९,५९२ |
| नेफस्कुनलाई भुक्तानी दिन बाँकी | | २,००,००० |
| भुक्तानी दिन पर्ने कर्मचारी तलव | १,७८,०७४ | |
| अन्य भुक्तानी दिन बाँकी खर्च | १,५३,८५० | १,७७,३८० |
| **टि.डी.एस. दायित्व** | | |
| निक्षेप ब्याजमा कर (टि.डी.एस) | २,३६,८४८ | १,७१,६०४ |
| घर भाडामा कर | ३०,२४७ | १७,२८४ |
| लेखा परिक्षण शुल्कमा कर | ९,००० | ९०० |
| कर्मचारी तलबमा कर | ४५,९४८ | १७,२९६ |
| लाभांशमा कर कट्टि | | १,९९,१३८ |
| बैठक भत्ता कर | २७,१५० | २६,४०० |
| **जम्मा** | **७,६४,९७६** | **११,६०,६२८** |

**अनुसूची ८ : कर्जा नोक्सानी व्यवस्था** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| कर्जा नोक्सानी व्यवस्था गत बर्षसम्मको | १३,७७,००० | ( |
| यस बर्ष थप व्यवस्था | १४,६०,६९८ | १३,७७,००० |
| यस बर्ष र्खच | | ( |
| **जम्मा** | **२८,३७,६९८** | **१३,७७,०००** |

**कर्जाको वर्गीकरण**

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| असल ऋण | १४,९३,३६,६९४ | १४,७७,८४,५९५ |
| शंकास्पद ऋण (१ बर्ष सम्म भाखा नाघेको) | २०,३०,९०० | ( |
| खराब ऋण (१ बर्ष भन्दा बढी भाखा नाघेको) | ६,३३,५१६ | ( |
| **जम्मा** | **१५,२०,०१,११०** | **१४,७७,८४,५९५** |

**कर्जा नोक्सानी व्यवस्था**

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| असल ऋण (१%) | १४,९३,३६७ | १४,७७,८४६ |
| शंकास्पद ऋण (३५%) | ७,१०,८१५ | ( |
| खराब ऋण (१००%) | ६,३३,५१६ | |
| **यस बर्षको जम्मा ऋण नोक्सानी कोष व्यवस्था** | २८,३७,६९८ | १४,७७,८४६ |
| **घटाउने : गत बर्षको ऋण नोक्सानी ब्यबस्था** | १३,७७,००० | |
| **यस बर्ष थप भएको ऋण नोक्सानी कोष ब्यबस्था खर्च** | १४,६०,६९८ | १३,७७,००० |
| **यस बर्ष फिर्ता भएको ऋण नोक्सानी कोष ब्यबस्था आम्दानी** | | - |

व्यवस्थापक ........ कोषाध्यक्ष ........ सचिव ........ अध्यक्ष ........ लेखापरिक्षक

B & Associates
Mob. No.6113
ICAN COP. No.3266 'B'
Regd. Auditor
Pokhara-13, Kaski

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

### वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

**अनुसूची ९ : अन्य दिर्घकालिन दायित्व** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| कर्मचारी उपदान दायित्व | ६,२०,८८१ | ५,००,००० |
| सञ्चिती बिदा दायित्व | | |
| जम्मा | ६,२०,८८१ | ५,००,००० |

**अनुसूची १० : स्थगन कर सम्पत्ति (दायित्व)** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| **स्थिर सम्पत्तिमा करयोग्य अस्थायी अन्तर** | - | - |
| स्थिर सम्पत्तिको किताबी मुल्य (Book Value) | ७०,४२,३१४ | ११,००,०३९ |
| स्थिर सम्पत्तिको कर आधार (Tax Base) | ७०,४२,३१४ | ११,००,०३९ |
| **कर्मचारी उपदान व्यवस्थामा करयोग्य अस्थायी अन्तर** | - | - |
| उपदान व्यवस्थाको किताबी मुल्य (Book Value) | ६,२०,८८१ | ५,००,००० |
| उपदान व्यवस्थाको कर आधार (Tax Base) | ६,२०,८८१ | ५,००,००० |
| **कर्मचारी संचित बिदा व्यवस्थामा करयोग्य अस्थायी अन्तर** | - | - |
| कर्मचारी संचित बिदा व्यवस्थाको किताबी मुल्य (Book Value) | - | - |
| कर्मचारी संचित बिदा व्यवस्थाको कर आधार (Tax Base) | - | - |
| **जम्मा करयोग्य अस्थायी अन्तर** | - | - |
| **स्थगन कर सम्पत्ति (१०%)** | - | - |
| **यस वर्षको शुरुवातको स्थगन कर सम्पत्ति** | - | - |
| **यस बर्सको स्थगन कर आम्दानी (खर्च)** | - | - |
| **नोटः- विगतका बर्ष देखिनै स्थगन कर कुनै व्यवस्था नगरेको ले यस बर्ष पनी व्यवस्था गरिएको छैन ।** | | |

**अनुसूची ११ : नगद मौज्दात** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| सानो नगदी कोष (Petty Cash) | | ( |
| भल्टमा रहेको नगद मौज्दात (Cash in Vault) | १०,९३,८५४ | ७,५४,५२२ |
| जम्मा | १०,९३,८५४ | ७,५४,५२२ |

व्यवस्थापक कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

B & Associates, Mob. No.6113, ICAN COP. No.3266 "B", Regd. Auditor, Pokhara-13, Kaski

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा.-०६, हरमटारी, गोरखा**

वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

**अनुसूची १२ : बैंक मौज्दात** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| **कल तथा चालु बैंक खाता हिसाब** | | |
| मेगा बैंक लि. | १,९६,८१,९३९ | ३,७०,४६,५४२ |
| प्रभु बैंक लि. | ७,६७,१६४ | १,१४,४०,८५४ |
| एभरेष्ट बैंक लि. | ५,८२,५०८ | ३०,९९,२७४ |
| मुक्तिनाथ विकास बैंक लि. | ४०,४४,९५० | २५,८१,७५१ |
| एन.आई.सी एसिया बैंक लि. | ४,०५,२३६ | १९,९५,०५६ |
| प्राईम बैंक लि. | १,०१,६२,१२८ | ७०,२४,१४१ |
| साँग्रिला विकास बैंक लि. | १,१७,०८,९७८ | ४३,२१,७९६ |
| आई एम.ई को.अपरेटिभ सर्भिस लि. | १,७४,७२९ | १,६८,८९६ |
| नेपाल बचत तथा ऋण सहकारी लि. (नेफ्स्कुन) नियमित बचत | १,०४,९८९ | ७५,१८३ |
| नेपाल बचत तथा ऋण सहकारी लि. (नेफ्स्कुन) विषेश बचत | ३५,६४,८५७ | |
| नविल बैंक लि. | ७ | ४ |
| **जम्मा** | ५,११,९७,४८४ | ६,७७,५३,४९७ |

**अनुसूची १३ : लगानी** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| **बैंक मुद्दती लगानी** | ( | ( |
| | | |
| **शेयर लगानी** | १,१०,७०० | १,१०,७०० |
| नेफ्स्कुन | १,१०,७०० | १,१०,७०० |
| **जम्मा** | १,१०,७०० | १,१०,७०० |

व्यवस्थापक कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरिक्षक

B & Associates ICAN COP. No.3266 'B' Regd. Auditor Pokhara-13, Kaski

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

### वित्तीय विवरण सम्बन्धित अनुसुचीहरु

**अनुसूची १४ : कर्जा लगानी** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| कृषि, पर्यटन तथा घरेलु उद्योग कर्जा लगानी | ४६,००,०९७ | १८,०८,८५२ |
| किस्ताबन्दी कर्जा लगानी | २,८५,२३,४७९ | ३,५८,२५,८५९ |
| घरायसी कर्जा लगानी | | ७८,८६४ |
| हायर पर्चेज कर्जा लगानी | २,३९,२६,७२१ | २,६०,५१,१३९ |
| सामुहिक बचतमा कर्जा लगानी | ३,५८,००,०४९ | १,४१,६०,००० |
| अल्पकालिन कर्जा लगानी | ५,०४,५५,७२३ | ६,३३,७५,००० |
| ब्यापारिक कर्जा लगानी | ६३,८५,६७१ | ५३,२४,८८१ |
| मुद्धती बचतमा कर्जा लगानी | २३,०९,३७० | ११,६०,००० |
| **जम्मा** | **१५,२०,०१,११०** | **१४,७७,८४,५९५** |

**अनुसूची १५ : चालु सम्पत्ति** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| पाउनुपर्ने ब्याज हिसाब | २६,६९,४०५ | १४,६८,९२९ |
| घटाउने ब्याज मुल्तवी | २६,६९,४०५ | १४,७७,००९ |
| **खुद रकम** | - | (८,०८०) |
| **धरौटी रकम** | | |
| नेपाल टेलिकम धरौटी | ६,००० | ६,००० |
| प्रभु मनि ट्रान्सफर | ३,००,००० | ३,००,००० |
| आई एम ई | २,००,००० | २,००,००० |
| **अग्रिम आयकर** | | |
| अग्रिम आयकर दाखिला (सबै प्रकारको) | ७,४९,७५० | ७,७२,१७० |
| **पुर्व भुक्तानी खर्च** | | |
| अग्रिम भुक्तानी इन्सोरेन्स | ( | २१,७६३ |
| पेश्की (ठेकेदार) | ३०,००,००० | |
| **रेमिट्यान्स कम्पनीहरुबाट पाउन बाँकी** | | |
| प्रभु म्यानेजमेन्ट प्रा. लि. | ७,१५,५३३ | |
| वेस्टन युनियन बाट पाउँन बाँकी | ४,९८,१७५ | ६,७२,०२७ |
| हिमाल रेमिट | ८१,७२७ | ९०,१४३ |
| रिलायबल रेमिट | १,१०,५१७ | १,१९,८१५ |
| सिटि एक्सप्रेस रेमिट | ५८,६०७ | ३,२३,४३२ |
| आइ.एम.इ रेमिट | ( | १८,६०४ |
| जि.एम.ई. रेमिट | १,३९८ | |
| खल्ती खातामा जम्मा | ४,०३० | |
| आइ.एम.ई पे | ५१,३०५ | ५,५४२ |
| विविध भुक्तानि पाउनुपर्ने | | ६०,७३१ |
| **जम्मा** | **५७,७७,०४१** | **२५,८२,१४९** |

**अनुसूची १७ : गैर बैकिंग सम्पती** रकम (रु.)

| विवरण | ३२ आषाढ २०७९ | ३१ आषाढ २०७८ |
|---|---|---|
| गैर बैकिंग सम्पत्ति (सम्बन्धित ऋणी अनुसार विवरण) | | |
| कुल गैर बैकिंग सम्पती | | |
| घटाउने: गैर(बैकिंग सम्पतिको व्यवस्था) | | |
| खुद गैर बैकिंग सम्पती | - | |

व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक

B & Associates, Pokhara-13, Kaski

**श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
**गोरखा न.पा.-०६, हंसटारी, गोरखा**

अनुसूची १६

## स्थिर सम्पत्ति

आर्थिक बर्ष २०७८/०७९ को

| विवरण | स्थिर सम्पत्ति | | | | | | | | यस वर्ष रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | जग्गा | भवन | परिवहन साधन | कम्प्युटर उपकरण | फर्निचर तथा फिक्चर्स | कार्यालय सामान तथा उपकरण | लिजहोल्ड सम्पत्ती | सफ्टवेयर | |
| १. परलमोल | | | | | | | | | |
| (क) गत वर्षको मौज्दात | - | - | - | २,००,४२७ | ८,०१,५८२ | ३५,११५ | | ६२,९१५ | ११,००,०३९ |
| (ख) यस वर्ष थप | ६०,००,००० | - | - | १५,३६८ | | ५,५०० | - | २,००,००० | ६२,२०,८६८ |
| (ग) यस वर्ष पूनर्मुल्याङ्कन/पुनर्लेखन | - | | | | | | | | - |
| (घ) यस वर्षको बिक्रि | - | | | | | | | | - |
| (ङ) यस वर्षको अपलेखन | - | | | | | | | | - |
| कूल (क+ख+ग+घ+ङ) परलमोल | ६०,००,००० | - | - | २,१५,७९५ | ८,०१,५८२ | ४०,६१५ | - | २,६२,९१५ | ७३,२०,९०७ |
| २. ह्रास कट्टी | | | | | | | | | |
| (क) गत वर्ष सम्मको | - | - | | | | | | | - |
| (ख) यस वर्षको | - | - | | ५२,६६८ | २,००,३९६ | ६,०९२ | | १९,४३७.२५ | २,७८,५९३ |
| (ग) ह्रास कट्टी पूनर्मुल्याङ्कन/पुनर्लेखन | - | | | | | | | | - |
| (घ) ह्रास कट्टी रकम समायोजनर फिर्ता | - | | - | - | - | | | - | - |
| कुल ह्रास कट्टी (क+ख+ग+घ) | - | - | - | ५२,६६८ | २,००,३९६ | ६,०९२ | - | १९,४३७ | २,७८,५९३ |
| ३. बुक भ्यालू (WDV*) (1-2) | ६०,००,००० | - | - | १,६३,१२७ | ६,०१,१८७ | ३४,५२३ | - | २,४३,४७८ | ७०,४२,३१४ |
| ४. पूंजीगत निर्माण (पूंजीकरण गरिनु पर्ने) | | | | | | | | | - |
| जम्मा (यस वर्ष ) | ६०,००,००० | - | - | १,६३,१२७ | ६,०१,१८७ | ३४,५२३ | - | २,४३,४७८ | ७०,४२,३१४ |
| जम्मा (गत वर्ष ) | - | - | - | २,००,४२७ | ८,०१,५८२ | ३५,११५ | - | ६२,९१५ | ११,००,०३९ |

व्यवस्थापक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    लेखापरिक्षक

B & Associates, Mem. No. 6113, ICAN COP. No. 3256 'B', Regd. Auditor, Pokhara-13, Kaski

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

वित्तीय विवरण सम्वन्धित अनुसुचीहरु

रकम (रु.)

**अनुसूची १८ : ब्याज आम्दानी**

| विवरण | चालु आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| सबै ऋण लगानी खाताबाट ब्याज प्राप्त | २,२०,२३,९७७ | १,९७,१८,५२९ |
| जम्मा | २,२०,२३,९७७ | १,९७,१८,५२९ |

रकम (रु.)

**अनुसूची १९ : ब्याज खर्च**

| विवरण | चालु आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| निक्षेपमा ब्याज खर्च | १,२३,५५,६११ | १,२२,५४,९५८ |
| ऋण सापटीमा ब्याज खर्च | | १,१७,९६१ |
| ऋणको ब्याजमा छुट (कोभिड १९) | | २,४१,८९२ |
| जम्मा | १,२३,५५,६११ | १,२६,१४,८११ |

रकम (रु.)

**अनुसूची २० : अन्य संचालन आम्दानी**

| विवरण | चालु आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| रेमिट्यान्स कमिसन | ९,१७,९०० | ९,४४,१५२ |
| कर्जा प्रत्रिया आय | १८,००० | |
| प्रवेश तथा सदस्यता शुल्क | ( | ६,७०,१०० |
| खाता बन्दी शुल्क | ३,००० | २,१०० |
| ई-बैंकिङ शुल्क | २१,८५० | ३०० |
| आवेदन शुल्क बाट आय | १८,३७५ | ६,६५० |
| व्यवस्थापन शुल्क | २,३७,७६२ | ५,८६,१७९ |
| धितो मुल्याङ्कन आम्दानी | | ३६,००० |
| बिबिध आम्दानी | २७,५५० | ४१,३२९ |
| जम्मा | १२,४४,४३७ | २२,८६,८१० |

व्यवस्थापक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    लेखापरिक्षक

B & Associates, Regd. Auditor, Pokhara-13, Kaski

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

वित्तीय विवरण सम्वन्धित अनुसुचीहरु

रकम (रु.)

**अनुसूची २१ : बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज**

| विवरण | चालु आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | ४,४७,९२५ | ११,११,७९४ |
| **जम्मा** | **४,४७,९२५** | **११,११,७९४** |

रकम (रु.)

**अनुसूची २२ : कर्मचारी खर्च**

| विवरण | चालु आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| कर्मचारी तलब तथा ग्रेड | १५,८५,५८० | १३,८०,३५२ |
| दशैं भत्ता | १,३२,९०२ | १,०६,०२९ |
| कर्मचारी पोशाक खर्च | ५०,००० | ६०,००० |
| कर्मचारी संचिति बिदा | २,३४,९०० | |
| कर्मचारी संचयकोष थप | १,५५,४७८ | १,२७,२३५ |
| कर्मचारी भत्ता | १,०५,००० | |
| **जम्मा** | **२२,६३,८६०** | **१६,७३,६१६** |

व्यवस्थापक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    लेखापरिक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## गोरखा न.पा.-०६, हरमटारी, गोरखा

वित्तीय विवरण सम्वन्धित अनुसुचीहरु

रकम (रु.)

अनुसूची २३ : प्रशासनिक खर्च

| विवरण | चालु आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| पानी तथा बिजुली खर्च | ३६,१४४ | ४०,४४४ |
| टेलिफोन तथा संचार खर्च | ३४,६१५ | २७,८९४ |
| घरभाडा खर्च | ५,१८,५१९ | ५,१८,५१९ |
| बीमा खर्च | २१,७६३ | ३०२ |
| अतिथि सत्कार | २१,९५० | ४४,७७४ |
| लेखापरीक्षण शुल्क | ६०,००० | ६०,००० |
| बैठक खाजा तथा चियापान खर्च | १,०४,४८७ | ९५,८४१ |
| स्टेशनरी तथा छपाई खर्च | १,४४,३९३ | १,०४,१३१ |
| संस्था/सदस्यता नविकरण | ७,५६६ | |
| तालिममा सहभागीता खर्च | ४,५२० | ६२,२२० |
| अवलोकन भ्रमण खर्च | २,३७,००० | २,००,००० |
| इन्धन तथा परिवहन खर्च | ७,२१८ | |
| प्रोवेशन कार्यक्रम खर्च | | |
| वार्षिक साधारण सभा खर्च | ३,६९,७८२ | ६,२१,७८० |
| पत्रपत्रिका खर्च | | |
| जग्गा दर्ता शुल्क खर्च | ४,१६,८१० | |
| कार्यालय समान मर्मत खर्च | | १३,२४४ |
| शिखर सम्मेलनमा सहभागिता खर्च | २७,१२० | |
| कर्मचारी उपदान कोष | १,२०,८८१ | ३,००,००० |
| स्थापना दिवस/राष्ट्रिय सहकारी दिवस खर्च | ३९,०९३ | ३४,९२० |
| कार्यालय सञ्चालन खर्च | ९९,४२५ | ७८,२८० |
| बैठक भत्ता खर्च | १,८१,००० | ३,३४,००० |
| संस्था नविकरण शुल्क (गोरखा नगरपालिका) | ४०,३८६ | ४७,४६० |
| अन्य विविध खर्च | ८,४५० | २,५९,७४५ |
| **जम्मा** | २५,०१,१२२ | २८,४३,५५४ |

रकम (रु.)

अनुसूची २४ : गैर संचालन आम्दानी

| विवरण | चालु आर्थिक वर्ष | गत आर्थिक वर्ष |
|---|---|---|
| स्थिर सम्पत्ति बेच्दाको नाफा | | |
| लगानीमा प्राप्त लाभांश आम्दानी | | ( |
| **जम्मा** | ( | |

| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक |
|---|---|---|---|---|

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**गोरखा न.पा.-०६ हरमटारी, गोरखा**

**आ. व. २०७८/७९ Pearls विश्लेषण**

| सूचक | पर्ल्स अनुपात | लक्ष्य | तथ्यांक | | यथार्थ | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंश | हर | | |
| **P Protection (सुरक्षा)** | | | | | | |
| P1 | एक वर्षभन्दा वढि भाखा नाघेको कर्जाको लागि व्यवस्ता १००% | | ६,३३,५१६ | ६,३३,५१६ | | ब्यवस्था भएको |
| P2 | एक वर्षभन्दा कम भाखा नाघेको कर्जा लागि व्यवस्ता ३५% | | २०,३०,९०० | ७,१०,८१५ | | ब्यवस्था भएको |
| **E Effective Financial Structure (पभावकारी वित्तिय संरचना)** | | | | | | |
| E1 | लगानीमा रहेको खुद ऋण र कुल सम्पत्ती | ७०-८०% | १५,२०,०१,११० | २१,७२,२२,५०३ | ६९.९७% | सुधार गर्नुपर्ने |
| E2 | तरल लगानी/कुल सम्पत्ती | बढिमा २०% | ५७,७७,०४१ | २१,७२,२२,५०३ | २.६६% | |
| E5 | वचत निक्षेप र कुल सम्पत्ती | ७०-८०% | १६,३९,१९,२६९ | २१,७२,२२,५०३ | ७५.४६% | |
| E6 | बाह्य ऋण/कुल सम्पत्ती | वढिमा ५% | | | | नभएको |
| E7 | शेयर पुँजी/कुल सम्पत्ती | १०-२०% | ३,७८,७२,९०० | २१,७२,२२,५०३ | १७.४४% | अधिक रहेको |
| E8 | संथागत पुँजी/कुल सम्पत्ती | कम्तिमा १०% | १,०९,६३,९५६ | २१,७२,२२,५०३ | ५.०५% | बढाउनू पर्ने |
| E9 | शुद्ध संस्थागत पुँजी/कुल सम्पत्ती | E8=E9 | १,०९,६३,९५६ | २१,७२,२२,५०३ | ५.०५% | बढाउनू पर्ने |
| **A Assets Quality (सम्पत्ती गुणस्तर)** | | | | | | |
| A1 | भाखा नाघेको ऋण /कुल सम्पत्ती | ५% भन्दा कम | २५,८८,२८९ | २१,७२,२२,५०३ | १.१९% | |
| A2 | आय आर्जन नगर्ने सम्पत्ती/कुल सम्पत्ती | ५% भन्दा कम | १,३९,१३,२०९ | २१,७२,२२,५०३ | ६.४१% | घटाउन पर्ने |
| A3 | शुद्ध लगत रहित कोष/आय आर्जन नगर्ने सम्पत्ति | 200% | ४,८८,३६,८५६ | १,३९,१३,२०९ | ३५१.०१% | |
| **R Rate of Return and Cost of Fund (लगानीका प्रतिफल तथा लागत )** | | | | | | |
| R1 | ऋणबाट प्राप्त आम्दानी/औषत ऋण लगानी | संचालन खर्च वरावर | २,२०,२३,९७७ | १४,९८,९२,८५२ | १४.६९% | |
| R5 | वचतको व्याज खर्च/औषत वचत | मुद्रास्फिती वरावर | १,२३,५५,६११ | १६,६६,४७,९५४ | ७.४१% | राम्रो |
| R9 | संचालन खर्च/औषत कुल सम्पत्ती | बढिमा ५% | ४७,६४,९८१ | २१,८६,५४,००२ | २.१८% | राम्रो |
| R3 | ऋण रकमको लागत/औषत ऋण रकम | R5 भन्दा कम | ९६,६८,३६६ | १४,९८,९२,८५२ | ६.४५% | राम्रो |
| **L Liquidity (तरलता )** | | | | | | |
| L1 | तरल सम्पत्ती तरल लगानी (भुक्तानी दिनु पर्ने/कुल वचत | कम्तिमा १५% | ५,०७,७३,३५८ | १६,३९,१९,२६९ | ३०.९७% | राम्रो |
| L2 | तरल मौज्दात/कुल वचत, निक्षेप | १०% | ५,२२,९१,३३८ | १६,३९,१९,२६९ | ३१.९०% | राम्रो |
| L3 | नकमाउने तरल सम्पत्ती/कुल सम्पत्ती | १% भन्दा कम | ६८,७०,८९५ | २१,७२,२२,५०३ | ३.२% | सुधार गर्नुपर्ने |
| **S Sign of Growth (वृद्धिका सङ्केत )** | | | | | | |
| S1 | सम्पत्तीमा बृद्धि | मृद्रास्फिती वरावर | (२८,६२,९९९) | २२,००,८५,५०२ | -१.३०% | सुधार गर्नुपर्ने |
| S2 | लगानीमा बृद्धि | मृद्रास्फिती वरावर | ४२,१६,५१५ | १४,७७,८४,५९५ | २.८५% | सुधार गर्नुपर्ने |
| S3 | वचतमा बृद्धि | S5 वरावर | (५४,५७,३६९) | १६,९३,७६,६३८ | -३.२२% | सुधार गर्नुपर्ने |
| S4 | लिएको ऋणमा बृद्धि | E3 हाँसिल हुनेगरि | | | | |
| S5 | सदस्यमा बृद्धि | 10 % भन्दा वढि | ७ | १,३०९ | ०.५३% | सुधार गर्नुपर्ने |
| S6 | संचालन खर्चमा बृद्धि | R9 लाई ध्यान दिनुपर्ने | २,४७,८११ | ४५,१७,१७० | ५.४९% | सुधार गर्नुपर्ने |
| S7 | शेयर पुँजीमा बृद्धि | 20% भन्दा वढि | १७,००० | ३,७८,५५,९०० | ०.०४% | सुधार गर्नुपर्ने |

B & Associates, Mem. No.6113, ICAN COP. No.3256 "B", Regd. Auditor, Pokhara-13, Kaski

ब्यवस्थापक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    दर्तावाल लेखापरिक्षक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

**श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को बाह्रौं बार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समिति संयोजक श्री कृष्ण कुमार श्रेष्ठबाट प्रस्तुत प्रतिवेदन**

***२०७९ भाद्र ४ गते***

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. का आदरणीय अध्यक्ष शरद बाबु कट्टेल ज्यू, संस्थाका पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु साथै सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुमा हामी लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्दै न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. बाह्रौं बर्षमा प्रवेश गरिरहँदा विगत तिन बर्ष देखी विश्वभर फैलिएको कोरोना भाईरसको कारण र अन्य विविध कारण राष्ट्रमा नै आर्थिक मन्दी र आय आर्जनका माध्यमहरु पनि सुस्त गतिमा भईरहेकोले बजारमा व्यापार व्यवसाय र अन्य व्यवसायिक कृयाकलापहरुमा समेत मन्दी हुन जाँदा वित्तिय क्षेत्रमा पनि मन्दी आउनु स्वभाविक नै हो । हाल संस्थाको १३१६ जना शेयर सदस्य रहेको यस संस्थाले सहकारीको मुल्य र मान्यतालई आत्मसाथ गर्दै प्रतिस्पर्धात्मक परीवेशमा पनि प्रगति पथमा लम्कनु राम्रो अवस्थालाई मध्यनजर गरिरहँदा पनि संस्थाले अवलम्बन गरेको निति नियम अनुरुप संस्थालाई लैजान अझै सकरत गर्नुपर्ने देखिन्छ । यस संस्थाले लिएको लक्ष्य र परिकल्पना अनुसार सबै कार्य सम्पादन हुन नसकेको देखिन्छ ।

संस्थाले अवलम्बन गरेका प्रमुख लेखा नितिहरु अनुरुप आ.व. २०७८।७९ को प्रगति तथा संस्थागत आर्थिक उन्नतिको आन्तरिक लेखा परिक्षण गर्दा संस्थाको सम्पूर्ण लेखालाई दृष्टिगत गर्दा संस्थागत आर्थिक विकासको आन्तरिक मुल्यांकन बुँदागत रुपमा शेयर सदस्यहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. संस्थाबाट ऋण लगानी गर्दा ऋण तथा मुल्यांकन उप समितिहरुले संस्थाको निति नियम अनुसार लगानी गरेको छ ।

२. संस्थाबाट संकलित दैनिक बचत, मासिक बचत र निक्षेप संकलन प्रभावकारी देखिन्छ ।

३. संस्थाको स्थिर सम्पत्तिको विवरण अभिलेख दुरुस्त छ ।

४. यो आ.व. मा संस्थाले जग्गा जोड्न सफल भएको छ र भवन निर्माणको चरणमा रहेको छ ।

५. संस्थाको आर्थिक विकासमा पदाधिकारी एवं सदस्यज्यूहरु र कर्मचारी वर्गहरुले गर्नु भएको कार्य प्रशंसनीय छ।

६. विभिन्न समयमा संस्थाको नगद ढुकुटी (भल्ट) चेकजाँच गर्दा नगद मौज्दात सही अवस्थामा रहेको पाईएको छ।

७. संस्थाले गरेको खर्च लगायतका विल भौचर र अन्य आर्थिक कारोबारहरुको अभिलेख अद्यावधिक रहेको पाईयो ।

८. संस्थाको खर्चको विल भौचरको अभिलेख दुरुस्त पाईयो ।

आदरणीय सेयरधनी सदस्य महानुभावहरु,

श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. लाई गत बर्षहरु भन्दा अझै प्रभावकारी बनाउनको लागी संस्थाका अध्यक्षज्यू, पदाधिकारी एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, कर्मचारी वर्गहरु र सम्पूर्ण सेयरधनी सदस्यज्यूहरुले आ–आफ्नो स्थानबाट सहयोग पुऱ्याउनु हुनेछ भन्ने पुर्ण विश्वास व्यक्त गर्दछु । साथै आगामी दिनहरुमा पनि अझै प्रगतिका पथहरुमा अघि बढ्न सकुन् भन्दै संस्थागत आर्थिक विकासका लागी केही सुझावहरु बुँदागत रुपमा राख्न चाहन्छु ।

१) संस्थाबाट लिएको ऋणको किस्ता, व्याज र ऋण असुली, केही ऋणीबाट भाखा नाघेको देखिएकोले ऋणीहरुले आ–आफ्नो ऋण असुली यथाशिघ्र समयमा नै असुली गर्नुपर्ने देखिन्छ । अन्यथा केही ऋणीहरुलाई कानुनी प्रकृयाबाट असुली गर्न ताकेता लगाउनु पर्ने देखिन्छ ।

२) कर्जा प्रवाहबाट प्राप्त व्याज र सावाँलाई नियमित चुक्ता गराउन संस्थाको पदाधिकारी र कर्मचारी वर्ग चनाखो भईराख्नु पर्ने । कर्जा प्रवाहको अभिलेख आवश्यक सम्पूर्ण प्रकृया पुरा गरेर मात्र कर्जा प्रवाह गरिनु पर्ने ।

३) संस्थाको ऋण वृद्धि गर्न असल ऋणीको पहिचान गरी ऋण प्रवाहमा ध्यान दिईनु पर्ने देखिन्छ ।

४) ऋण, व्याज तथा किस्ता असुलीको लागी ऋणीलाई नियमित जानकारी गराई राख्नु पर्ने ।

५) खराब कर्जा हुन नदिनको लागी सदा झैं संचालक र कर्मचारी चनाखो भईराख्नु पर्नेछ ।


६) ऋण प्रवाह गर्दा लिएको ऋण जुन शिर्षकको लागी लिएको हो सोही शिर्षकमा लगानी भएको छ छैन भन्ने कुरामा ऋण उप समिति र संचालक चनाखो हुनु पर्ने ।

७) सफ्टवयरमा संस्थाको सम्पूर्ण हरहिसाव राखिने हुँदा उक्त हरहिसाबको लागी सफ्टवयर अडिट गर्न आवश्यक देखिन्छ ।

आदरणीय सेयरधनी सदस्यज्यूहरु,

माथिका आन्तरिक मुल्यांकन र केही सुझावहरु सगै संस्थाले अवलम्बन गरेको सहकारीको निति नियममा रही सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुले संस्थाको आर्थिक विकासमा आगामी दिनहरुमा आ–आफ्नो स्थानबाट सहयोग गर्नुहुनेछ भन्ने विश्वास लिदै लेखा सुपरीवेक्षण समितिको सदस्यमा रही बर्षभरी कार्य सम्पादनमा सहयोग गर्नु भएकोमा श्री मनकाजी श्रेष्ठ र श्री जगन सिं गुरुङ ज्यू, संचालक समिति, संस्थाका प्रबन्धक लगायत कर्मचारी वर्गलाई धन्यवाद दिदै बिदा लिन चाहन्छु ।

धन्यवाद ! जय सहकारी ।



कृष्ण कुमार श्रेष्ठ
संयोजक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

## हरमटारी, गोरखा ।

### बाह्रौं बार्षिक साधारण सभामा ऋण उपसमिति संयोजक ज्ञानहरी अर्यालबाट प्रस्तुत प्रतिवेदन

*२०७९ भाद्र ४ गते*

आदरणीय अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, विभिन्न उपसमितिका संयोजकज्यूहरु, कार्यसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, अन्य उपसमितिका सदस्यज्यूहरु तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरु, संस्थाको आम्दानीको प्रमुख श्रोत लगानीबाट प्राप्त व्याजलाई अधिक बनाउन र लगानीलाई सुरक्षितका साथै शंकास्पद ऋण न्यून बनाउनको लागि हाम्रो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म ऋण लगानीलाई चुस्त दुरुस्त बनाउन प्रयासरत रहेको व्यहोरा अवगत गराउँदछौं । सदस्यहरुबाट विभिन्न समयमा ऋण माग भई आएका फाईलहरुलाई सकभर छिटो र छरितोसंग निर्णय गराउन सफल रहेका छौं । यस बर्षको विषम परिस्थितिका बाबजुद पनि यस उप समितिको १७ पटक बैठक बसी आवश्यक प्रक्रिया पुरा गरी आएका फाईलहरुमा लगानी गरी रु.२,२०,२३,९७७ लगानीबाट आम्दानी गर्न सफल भएका छौं ।

सेयर सदस्यहरुको माग अनुसार विगतका आर्थिक बर्षहरुमा भन्दा यस आ.व. मा कर्जा लगानीलाई प्रभावकारी बनाई बृद्धि गरेका छौं । साथै आगामी आ.व. मा पनि आवश्यकता अनुसार हाम्रा शेयर सदस्यहरुमाझ नयाँ लगानी नितिहरु ल्याउने लक्ष्य राखेका छौं । आगामी बर्षहरुमा पनि अझै प्रभावकारी रुपमा लगानी लाई विस्तार गर्न विभिन्न रणनीति बनाई कार्यान्वयन गर्ने लक्ष्य राखेका छौं ।

यस आ.ब. मा गत आ.ब. को तुलनामा २.८५ प्रतिशत मात्र ऋण लगानीमा बृद्धि भएको जानकारी गराउँदै आगामी दिनमा कर्जाका विभिन्न शीर्षकहरुमा सदस्यहरुलाई ऋण लगानी गरी लगानी बढाउने प्रयास रहनेछ । विभिन्न समयमा सदस्यहरुले ऋण माग गर्नु भएता पनि विविध कारणबश सबै सदस्यहरुको मागलाई सम्बोधन गर्न नसकिएकोमा संस्थागत हितको लागि त्यस्ता निर्णय गर्नु परेको भनी बुझिदिनु हुनेछ भन्ने पुर्ण विश्वासका साथ शेयर सदस्यज्यूहरुले पनि आ-आफ्नो तर्फबाट संस्थालाई अघि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

अब म आ.व. २०७८/७९ मा विभिन्न कर्जा शीर्षकहरुमा लगानी भएको र असुली भएको कर्जाको विवरण यस प्रकार रहेको जानकारी गराउन चाहन्छु ।

**<u>लगानी विवरण</u> :**

| क्र. सं. | विवरण | यस आ.व.रकम रु. | गत आ.व. रकम रु. | वृद्धि/कमी (रकममा) | वृद्धि/कमी (% मा) |
|---|---|---|---|---|---|
| १ | कृषी, पर्यटन तथा घरेलु उद्योग ऋण लगानी | ४६,००,०९७ | १८,०८,८५२ | २७,९१,२४५ | १५४.३१ |
| २ | घरयासी ऋण लगानी | | ७८,८६४ | (७८,८६४) | (१००.००) |
| ३ | हायर पर्चेज ऋण लगानी | २,३९,२६,७२१ | २,६०,५१,१३९ | (२१,२४,४१८) | (८.१५) |
| ४ | किस्ताबन्दी ऋण लगानी | २,८५,२३,४७९ | ३,५८,२५,८५९ | (७३,०२,३८०) | (२०.३८) |
| ५ | ब्यापारिक ऋण लगानी | ६३,८५,६७१ | ५३,२४,८८१ | १०,६०,७८९ | १९.९२ |
| ६ | मुद्दती बचतमा ऋण लगानी | २३,०९,३७० | ११,६०,००० | ११,४९,३७० | ९९.०८ |
| ७ | सामुहिक जमानी ऋण लगानी | ३,५८,००,०४९ | १,४१,६०,००० | २,१६,४०,०४९ | १५२.८३ |
| ८ | अल्पकालीन ऋण | ५,०४,५५,७२३ | ६,३३,७५,००० | (१,२९,१९,२७७) | (२०.३९) |
| **जम्मा** | | १५,२०,०१,११० | १४,७७,८४,५९५ | ४२,१६,५१४ | |

आदरणीय सेयर सदस्यज्यू, विभिन्न समयमा विभिन्न किसिमका समस्याहरु भोल्दै संस्थालाई यहाँसम्म ल्याउनको लागी सहयोग गर्नुहुने तपाई वा सहकारीको साभ्ता कार्यमा सहभागी भई बचत गर्नुहुने सदस्यज्यूहरु तथा ऋण लिएर समयमै ब्याज तथा किस्ता भुक्तान गर्ने ऋणीहरुलाई मुरी मुरी धन्यवाद दिँदै आगामी दिनहरुमा पनि यसैगरी बचत तथा ऋणको कारोबारमा आवश्यकता अनुसार सहभागी हुनुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

आदरणीय सेयर सदस्यज्यूहरु, कर्जा तथा व्याज भुक्तानीमा अन्य वित्तिय संस्थालाई भन्दा यस संस्थालाई प्राथमिकतामा राखिदिनु हुन विनम्र अनुरोध गर्दछु । साथै ऋण लागनीमा सही निर्णय लिनको लागी रचनात्मक छलफल गरी सहयोग गर्नुभएकोमा यस उपसमितिका सदस्यहरु श्री डण्डपाणी कट्टेल र श्री कृष्णमान श्रेष्ठज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु र यी सम्पूर्ण कार्यमा सहयोग गर्नुहुने यस संस्थाका प्रवन्धक श्री गणेश श्रेष्ठ लाई पनि धन्यवाद दिँदै विदा हुन्छु ।

**धन्यवाद, जय सहकारी ।**

**संयोजक**

**ज्ञानहरी अर्याल**

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

बाह्रौं बार्षिक साधारण सभामा मुल्यांकन उप समितिका संयोजक भोला प्रसाद मरहट्टाबाट प्रस्तुत

## प्रतिवेदन

**२०७९ भाद्र ४ गते**

आदरणीय अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, कार्यसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु तथा सम्पूर्ण शेयर सदस्य माहनुभावहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

संस्थाले गर्ने ऋण लगानीहरुको मुख्य आधार नै धितो मुल्यांकन हुने भएकोले संस्थाबाट गरिने लगानीमा १० लाखसम्मको ऋण लगानीका लागी मुल्यांकन समितिले नै मुल्यांकन गर्ने गर्दै आएको र सो भन्दा माथिको लगानीमा संस्थाले नै तोकेको कन्सल्टेन्सीबाट मुल्यांकन गराउँदै आएको जानकारी गराउँदछु ।

सदस्यहरुले संस्थामा ऋण माग गरेपछि यस उपसमितिको बैठक बसी सदस्यले ऋणको लागी उपलब्ध गराएको धितोहरुको मुल्यांकन गर्ने सम्बन्धमा छलफल गरी धितो भएको घर जग्गा तथा सवारी साधनहरुको चेकजाँच गरी, यथासक्य सदस्यहरुको मागलाई सम्बोधन हुने तरिकाले आवश्यक निर्णय गर्ने गरेका छौं । सदस्यहरुको माग बमोजिम कर्जाको लागी दिनु भएको धितो मुल्यांकन गर्ने क्रममा कुनै धितोहरुको मुल्यांकन रकम कम भई कर्जा लगानीमा भएको असजिलोलाई संस्थागत विकासको लागी संस्थागत सुशासनको रुपमा सदस्यहरुले लिईदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

आगामी दिनमा पनि सदस्यहरुको आवश्यकताको पहिचान गरी सुरक्षित, विश्वासिलो तथा पारदर्शी ढंगले लगानी गर्नको लागी मुल्यांकन गर्ने प्रतिबद्धता जाहेर गर्दै धितो मुल्यांकन गर्ने क्रममा यस उपसमितिका सदस्यज्यूहरुले आफ्नो व्यक्तिगत कार्यलाई व्यवस्थापन गरी समय उपलब्ध गराई आवश्यक परेको खण्डमा फिल्डमा नै गई सहयोग गर्नु भएकोमा सदस्य श्री शिवध्वज खत्री र श्री रामहरी के.सी. का साथै प्रबन्धक श्री गणेश श्रेष्ठलाई धन्यवाद दिंदै विदा हुन्छु। धन्यवाद । जय सहकारी ।

भोला प्रसाद मरहट्टा

संयोजक

# श्री सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

**हरमटारी, गोरखा ।**

**बाह्रौं बार्षिक साधारण सभामा शिक्षा उपसमितिका संयोजक बसन्त बस्नेतबाट प्रस्तुत**

## शिक्षा उपसमितिको प्रतिवेदन

**२०७९ भाद्र ४ गते**

आदरणीय अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, सल्लाहकारज्यू, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू, संस्थाका पदाधिकारी एवं संचालकज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु एवं सम्पूर्ण शेयर सदस्य माहनुभावहरुमा सहकारी अभिवादन टक्रयाउँदछु । कुनैपनि संस्थाले गर्ने विभिन्न कार्यहरुलाई अझै प्रभावकारी रुपले अघि बढाउन विभिन्न समिति, उपसमितिहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा यहाँहरुलाई अवगतै छ । सोही अनुरुप सहकारीको मुल्य, मान्यता र सिदान्तलाई आत्मसाथ गर्दै एक आपसमा हातेमालो गरी संस्थागत विकासमा जुट्ने क्रममा संस्थाका सेयर सदस्यहरुलाई संस्थाप्रति उत्तरदायि बनाउन र संस्थाको विकासमा सबैले उत्तिकै योगदान दिनको लागी प्रोत्साहित गर्न संस्थामा शिक्षा उप समिति रहन्छ र शिक्षा उपसमितिले गर्नुपर्ने विभिन्न कार्यहरु रहेको कुरा यहाँहरुसमक्ष जानकारी गराउन चाहन्छु । यो उपसमिति मार्फत गरिने कार्यहरु, जस्तैः सहकारी शिक्षा, सहकारी तालिम, सदस्यहरुलाई वित्तिय साक्षरता लगायत विभिन्न सहकारीहरुको भ्रमणबाट नयाँ कुराको सिकाई आदि रहने गर्दछन् ।

शिक्षा उपसमिति अन्तर्गतको संयोजक पदको भूमिका निर्वाह गर्दै आजको यो बाह्रौं बार्षिक साधारण सभामा संस्थाद्वारा आर्थिक बर्ष २०७८/७९ मा गरिएका शैक्षिक गतिविधि एवं जानकारी सहितको प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु ।

यस संस्थाले विभिन्न समयमा सदस्य शिक्षा कार्यक्रम, अवलोकन भ्रमण लगायत सदस्यको सहकारी संस्थाप्रतिको उत्तरदायित्व र भूमिकाको विषयमा ज्ञान दिलाउनको लागी सहकारी सम्बन्धी अन्तरक्रिया, गोष्ठी, प्रशिक्षण तथा तालिममा सहभागी गराउने जस्ता कार्यहरु गर्दै आईरहेको यहाँहरुलाई अवगतै छ । हामीले गत बर्षको योजनामा राखिए अनुसार सम्पन्न गरीएको कार्यक्रम तथा कार्यान्वयन भएका कार्यहरुको बुँदागत रुपमा जानकारी गराउन चाहन्छु ।

१) संस्थाको सामाजिक सेवा कार्यक्रम अन्तर्गत संस्थाको एघारौं स्थापना दिवसको अवसरमा गोरखा नगरपालिका वडा नं. ६ दरवारमार्ग स्थित श्री गोरक्षनाथ वैदिक गुरुकुल विद्यालयका लागी संस्थाद्वारा रु.२०,०००।- हस्तान्तरण गरीएको जानकारी गराउँदछु ।

२) देशका विभिन्न स्थानमा रहेका सहकारीहरुबाट सहकारी संचालन सम्बन्धी शिक्षा हाँसिल गर्ने हेतुले विभिन्न समयमा गर्दै आएको सहकारी अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत यो बर्ष २०७८ फागुन १५ गतेदेखि २१ गतेसम्म

यस संस्थाका संचालकहरु सहभागी भई पूर्वी नेपालको झापामा रहेको साहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. लगायतका सहकारीहरुको अवलोकन भ्रमण सम्पन्न गरिएको जानकारी गराउँदछु ।

३) यस संस्थाले मिति २०७८ चैत ४ गते देखि ६ गतेसम्म संस्थाका सदस्यहरुलाई धार्मिक भ्रमण गराउने उधेश्यले मुस्ताङ जिल्लामा रहेको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिरसम्म धार्मिक यात्रा सम्पन्न गरिएको जानकारी गराउँदछु ।

४) विभिन्न समयमा स्थानिय तह तथा अन्य संस्थाहरुले संचालन गरेका विभिन्न तालिम तथा गोष्ठीहरुमा संस्थाको तर्फबाट सहभागीता जनाई सहकारी सम्बन्धी ज्ञान हाँसिल गरिएको जानकारी गराउँदछु ।

संस्थाले आगामी बर्षमा पनि विभिन्न शैक्षिक तथा वित्तिय साक्षरता सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने लक्ष्य लिएको जानकारी गराउन चाहन्छु ।

१) संस्थामा आबद्ध हुनुहुने नयाँ सेयर सदस्यज्यूहरुलाई सहकारीको उद्येश्य, संचालन प्रकृया, सदस्यको संस्थाप्रतिको जिम्मेवारी एवं उत्तरदायित्व तथा विभिन्न कृयाकलापहरुको विषयमा जानकारी दिन सदस्य शिक्षा अभिमूखिकरण कार्यक्रम संचालन गरिने ।

२) अझै प्रभावकारी रुपमा संस्था संचालन गर्ने लक्ष्यका साथ सहकारी संचालन प्रकृयाको अध्ययन गर्नको लागी र संस्थाको भावी लक्ष्य हाँसिल गर्न बार्षिक योजना तथा बजेट निर्माण तालिम तथा रणनैनिक योजना सम्बन्धी कार्यक्रम आयोजना गर्ने ।

३) अवलोकन भ्रमणले सदस्यहरुको संस्थाप्रतिको लगाव तथा जिम्मेवारी अझै बढेको महशुस भएकोले आगामी बर्षमा पनि विभिन्न जिल्लामा संचालित सहकारी संस्थाहरुको संचालन प्रक्रिया र सहकारी संस्थाले गरेका प्रगतिका उपायहरुका बारेमा जानकारी लिन अध्ययन अवलोकन भ्रमण कार्यक्रम राखिने ।

४) संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत पर्ने कार्यहरुलाई पनि निरन्तरता दिईने छ । जस अन्तर्गत गरिब, असाहय, अशक्त विद्यार्थी तथा शिक्षण संस्थालाई सहयोग गर्ने ।

अन्त्यमा, समग्र संस्थाको उन्नति र प्रगतिको लागी यहाँहरु सबैले आ–आफ्नो क्षेत्रबाट सहयोग र सल्लाह दिनुहुनेछ भन्ने आशा र विश्वास राख्दै शिक्षा उपसमितिका सदस्यज्यूहरु एवं प्रबन्धकज्यू र सम्पूर्ण कर्मचारीहरुलाई धन्यबाद दिदै बिदा हुन्छु । धन्यवाद । जय सहकारी ।

बसन्त बस्नेत
संयोजक